जसको नाम नै प्रर्याप्त छ, "पवित्र लुम्बिनी" मन, वचन र कर्ममा पवित्र लुम्बिनी

# १७औं वार्षिक प्रतिवेदन

आ.व.२०८२/०८३

Pabitra Smart Banking

पवित्र लुम्बिनी

बचत तथा ऋण सहकारी संस्था लि.

Pabitra Lumbini Saving & Credit Co-operative Ltd.

# सञ्चालक समिति २०८२-०८३



टेकराज पोखरेल
अध्यक्ष

उपाध्यक्ष



कृष्ण प्रसाद घिमिरे
सचिव



मनिराम अधिकारी
कोषाध्यक्ष

महिला सदस्य



रुद्र प्रसाद पोखरेल
सदस्य



अरुण सेजवाल
सदस्य



दिवाकर पराजुली
सदस्य



हरी प्रसाद पोखरेल
सदस्य



तुल्सिराम भण्डारी
सदस्य



नरहरि घिमिरे
सदस्य

# लेखा सुपरिवेक्षण समिति



हिमन्त घिमिरे
संयोजक



शंकर पोखरेल
सदस्य



ऋषिराम न्यौपाने
सदस्य

# कर्जा उप-समिति



अरुण सेजवाल
संयोजक



हरी प्रसाद पोखरेल
सदस्य



दिवाकर पराजुली
सदस्य

# १७औं वार्षिक प्रतिवेदन

आ.व.२०८२/०८३

## विषय सूचि


| | | |
|---|---|---|
| १. | अध्यक्षको प्रतिवेदन | १ |
| २. | कोषाध्यक्षको प्रतिवेदन | ५ |
| ३. | लेखा समितिको प्रतिवेदन | ८ |
| ४. | लेखा परिक्षकको प्रतिवेदन | ११ |
| ५. | लेखा नीतिहरू | १४ |
| ६. | वित्तीय विवरणहरू | २८ |
| ७. | लेखा टिप्पणी तथा अनुसूचिहरू | ३४ |


पवित्र लुम्बिनी

बचत तथा ऋण सहकारी संस्था लि.

Pabitra Lumbini Saving & Credit Co-operative Ltd.

# सहकारी भनेको के हो ?

सदस्यहरुको संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणबाट सञ्चालित व्यवसाय मार्फत आफ्ना साझा आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणिय आवश्यकता एवं आकांक्षाहरु पुरा गर्न स्वेच्छिक रुपमा एकजुट हुने व्यक्तिहरुको स्वायत्त संगठन नै सहकारी हो ।

## सहकारी मूल्यहरू :

आधार मूल्यहरु : स्वाबलम्बन, उत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यबद्धता ।

नैतिक मूल्यहरु : इमान, खुलापन, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल ।

## मान्यताहरू :

- नाफामा सहभागी नहुने
- उपकारको भर नपर्ने
- गैर सदस्यसँग कारोबार नगर्ने
- गैर सदस्यलाई सेवा दिने र
- सकारात्मक कार्य गर्ने ।

"हामी जहाँ छौं त्यहींबाट राम्रो गरौं ।"

## सहकारीका सिद्धान्तहरू :

- ऐच्छिक तथा खुला सदस्यता
- सदस्यको लोकतान्त्रिक नियन्त्रण
- सदस्यको आर्थिक सहभागिता
- स्वायत्तता तथा स्वतन्त्रता
- शिक्षा, तालिम र सूचना
- सहकारी संस्थाहरु बीच सहयोग
- समुदायप्रति चासो

"असल आचरण, अनुशासन र कानून बुझौं।"

"सहकारीलाई श्रम र उत्पादनसँग जोडौं।" जय सहकारी !

पवित्र लुम्बिनी
बचत तथा ऋण सहकारी संस्था लि.
बागबजार, काठमाडौं । स्था : २०६५

# पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड को १७ औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष ज्यु द्वारा प्रस्तुत

## बार्षिक प्रतिवेदन –२०८३

आदरणीय प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, विभिन्न उप-समितिका संयोजक तथा सदस्यज्यूहरू, लेखा परीक्षकज्यू, सल्लाहकारज्यूहरू, कर्मचारी साथीहरू एवं संस्थाका मेरुदण्डका रूपमा रहनुभएका आदरणीय पौरखी शेयर सदस्य महानुभावहरू, उपस्थित सम्पूर्णमा पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट न्यानो अभिवादन, हार्दिक स्वागत व्यक्त गर्दछु ।

आज हामी संस्थाको १७ औं वार्षिक साधारण सभाको ऐतिहासिक मोडमा उभिएका छौँ । यो सभा केवल औपचारिक वार्षिक समीक्षा मात्र होइन; विगतका सफलता र सिकाइको समीक्षा गर्दै आगामी समृद्ध यात्राको खाका कोर्ने एउटा महत्वपूर्ण उत्सव पनि हो । यस सुखद अवसरमा म सर्वप्रथम संस्थाको बीजारोपण देखि आजको यो उचाइसम्म पुऱ्याउन निरन्तर विश्वास, श्रम, सीप र मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण शेयर सदस्यहरू, संस्थापकहरू, नेतृत्व वर्ग, कर्मचारी साथीहरू र सरोकारवाला निकायहरूप्रति हृदयदेखि नै उच्च सम्मान सहित आभार व्यक्त गर्दछु ।

**शोक, समवेदना तथा सामाजिक उत्तरदायित्व**

नयाँ आर्थिक वर्षको समीक्षा गरिरहँदा हालै भोटेकोशिमा आएको विनाशकारी बाढी, पहिरो र डुबानका कारण व्यापक जनधनको क्षति भएको छ । यस प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु। साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

विपद्को यस कठिन घडीमा पीडित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि ऐक्यबद्धता जनाउँदै हाम्रो पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्थाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ३,००,०००/- (तीन लाख रुपैयाँ) सहयोग प्रदान गरेको जानकारी गराउन चाहन्छु। सदस्यहरू सँगै समाज अप्ठ्यारोमा पर्दा एकापसमा हातमालो गर्दै सहयोगको हात बढाउनु नै हाम्रो साँचो मानवीय धर्म र सहकारीको मूल मर्म हो ।

आजको यो स्थान, र यो वित्तीय पहुँच कुनै चमत्कार वा संयोग होइन–यो त हाम्रा सम्पूर्ण सदस्यहरूको प्रगाढ विश्वास, सञ्चालकहरूको दूरदृष्टि र कर्मचारीहरूको अनवरत मिहिनेतको एकीकृत प्रतिफल हो।

## हाम्रो यात्रा : शून्यदेखि आत्मनिर्भरता सम्म

सामूहिक आर्थिक तथा सामाजिक रुपान्तरणको महान सङ्कल्पका साथ २०६५ चैत २७ गते दर्ता भई २०६६ वैशाख देखि औपचारिक सेवा सुरु गरेको पवित्र लुम्बिनी आज परिपक्व अवस्थामा आइपुगेको छ । साना-साना छरिएका बचतलाई एकत्रित गरी सदस्यहरूलाई उद्यमशील बनाउने उद्देश्यले सुरु भएको यो अभियान आज काठमाडौं महानगरपालिकाका विभिन्न क्षेत्रमा फैलिँदै हजारौं सदस्यको भरोसाको केन्द्र बनेको छ। हाम्रा लागि आकारको विस्तारभन्दा पनि विश्वासको विस्तार, वित्तीय अनुशासन र सुशासनको सबलीकरण सधैं पहिलो प्राथमिकतामा रहँदै आएको छ।

## सहकारी अभियान : इतिहासको जगमा आधुनिक सङ्कल्प

नेपालमा अर्म पर्म, गुठी र ढिकुटी जस्ता मौलिक परम्पराबाट हुर्किएको सामूहिक सहयोगको भावनालाई वि.सं. २०१३ चैत २० गते चितवनको बखानपुरबाट आधुनिक संस्थागत स्वरूप दिइएको थियो। आज तीनखम्बे अर्थतन्त्रको एक मुख्य आधारका रूपमा सहकारी क्षेत्रले मुलुकको आर्थिक, सामाजिक र वित्तीय समावेशीकरणमा खेलेको भूमिका अतुलनीय छ । तर, वर्तमान समयमा सहकारी क्षेत्रले गम्भीर परीक्षण र रूपान्तरणको माग गरिरहेको छ । चुनौतीहरूका माझ सहकारीको वास्तविक मर्म–'स्वयम् सहायता, पारस्परिक उत्तरदायित्व, पारदर्शिता र सुशासन' लाई व्यवहारमा उतार्नु नै आजको मुख्य आवश्यकता हो ।

## आ.व. २०८२/०८३ का मुख्य वित्तीय सूचक तथा उपलब्धिहरू

चौतर्फी आर्थिक सुस्तता र बजारको अस्थिरता प्रतिकूल वातावरणका बाबजुद पनि संस्थाले हासिल गरेका केही प्रमुख उपलब्धिहरू निम्न बमोजिम छन :

- सदस्य संख्या र विश्वास: गत आर्थिक वर्षमा २०० जना नयाँ सदस्य जोडिनुभएको छ । सदस्य संख्याको यो वृद्धि केवल तथ्याङ्क होइन, संस्थाप्रतिको प्रगाढ जनविश्वासको प्रमाण हो ।
- शेयर पूँजी: संस्थाको कुल शेयर पूँजी रु. १० करोड ६९ लाख ९४ हजार पुगेको छ । यसले संस्थाको वित्तीय आधारलाई अझ मजबुत र सुरक्षित बनाएको छ ।
- बचत संकलन: प्रतिकूल आर्थिक परिस्थितिमा पनि सदस्यहरूको दरिलो साथका कारण यस वर्ष रु. ६९ करोड ३५ लाख १० हजार ५ सय ४३ रुपैयाँ बचत संकलन भएको छ, जुन अघिल्लो वर्षको तुलनामा करिब १००% प्रतिशतको ठोस वृद्धि हो ।
- कर्जा लगानी र असुली : उत्पादनशील, आयमूलक र उद्यमशीलता विकासका क्षेत्रहरूमा अनुशासित रूपमा कर्जा प्रवाह गरिएको छ । संस्थाको कर्जा असुली दर ९९ प्रतिशत रहनुले हाम्रा सदस्यहरूको दायित्वबोध र व्यवस्थापनको प्रभावकारी अनुगमनलाई प्रस्ट पार्छ।
- प्रविधि र सामाजिक दायित्व: डिजिटल मोबाइल बैंकिङ सेवा , एमआईएस (MIS) ,वेभसाइट संचालन , प्रणालीको पूर्ण कार्यान्वयन, कर्मचारी क्षमता अभिवृद्धि लगायत सामाजिक उत्तरदायित्वका कार्यहरूलाई संस्थाले प्राथमिकताका साथ अगाडि बढाएको छ।

( विस्तृत वित्तीय आय-व्यय र नाफा-नोक्सानको विवरण लेखा परीक्षकको प्रतिवेदनमार्फत प्रस्तुत गरिएको छ । )

## वर्तमान चुनौती र हाम्रो स्पष्ट दृष्टिकोण

आज सहकारी क्षेत्र विश्वासको संकट र बाह्य आर्थिक दबाबबाट गुज्रिरहेको सत्य हो। तर चुनौतीहरू नै सुधार र नयाँ सम्भावनाका ढोका हुन् । हामी प्रस्ट छौं–पवित्र लुम्बिनी केवल कागजी सिद्धान्तमा चल्ने संस्था होइन । हामी जोखिम व्यवस्थापन, वित्तीय अनुशासन, कानुनी अनुपालन र पूर्ण पारदर्शितामा कुनै सम्झौता गर्दैनौं । सदस्यको बचतको सुरक्षा हाम्रो सर्वोच्च धर्म हो।

मार्गदर्शक दर्शन

हामी श्रीमद्‌भगवद्‌गीताको शाश्वत सन्देशबाट प्रेरित छौं:

"कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।"

नतिजाको अनावश्यक चिन्ता नगरी सत्य, निष्ठा र इमानदारीका साथ आफ्नो कर्तव्य पथमा अघि बढ्नु नै हाम्रो मूल मन्त्र हो । धागोका छरिएका रेशाबाट मात्र कपडा बन्दैन, तिनको सुव्यवस्थित संयोजनबाट सुन्दर र बलियो वस्त्र तयार हुन्छ । त्यसैगरी, समाजमा छरिएर रहेका साना पूँजी, सीप, श्रम र विचारलाई एकीकृत गरी एउटा समृद्ध आर्थिक आधार निर्माण गर्नु नै हाम्रो मुख्य ध्येय हो ।

## आगामी वर्षका रणनितिक प्राथमिकता तथा भावी दिशा

"सम्पूर्ण वित्तीय आवश्यकताका लागि अन्यत्र धाउनुपर्ने अवस्थाको अन्त्य गर्दै पवित्र लुम्बिनीलाई नै सदस्यहरूको पहिलो र पूर्ण वित्तीय साथी बनाउन हामी प्रतिबद्ध छौं "।

हामी आगामी दिनमा संस्थालाई अझ परिस्कृत, डिजिटलाइज सदस्य-केन्द्रित बनाउन निम्न रणनीतिहरू लागू गर्नेछौं :

पूँजीगत आधारको सबलीकरण: न्यूनतम शेयर भएका सदस्यहरूलाई शेयर वृद्धिमा प्रोत्साहन गर्दै आन्तरिक पूँजी मजबुत बनाइनेछ ।

लक्ष्यित सदस्य विस्तार: आगामी वर्ष गुणस्तरीय र सक्रिय सहभागितासहित कुल सदस्य संख्या ३,००० पुऱ्याउने लक्ष्य राखिएको छ ।

" पवित्र आवास कर्जा " तथा विशेष बचत योजना: काठमाडौँमा आफ्नै घरको सपना बोकेर कडा परिश्रम गरिरहेका न्यून तथा मध्यम आय भएका सदस्यहरूलाई लक्षित गरी 'पवित्र आवास कर्जा' तथा नविन बचत योजनाहरू सञ्चालन गरिनेछ ।

कडा सुशासन र जोखिम व्यवस्थापन: खराब कर्जा नियन्त्रण, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम पहिचानलाई अझ कडा बनाइनेछ ।

डिजिटल सुरक्षा ,पारर्दशिता तथा स्तरोन्नति: मोबाइल बैंकिङ सेवाको विस्तारसँगै डेटा सुरक्षा, साइबर सुरक्षा र वित्तीय गोपनीयतालाई शत-प्रतिशत सुरक्षित बनाइनेछ र संस्थाको गतिबिधिलाई वेभसाइट र्माफत पारर्दशी बनाइनेछ ।

कार्यक्षेत्र विस्तारः संस्थाको सबल वित्तीय अवस्थालाई ध्यानमा राख्दै क्रमश : काठमाडौं ( काठमाण्डौ ,भक्तपुर ,ललितपुर र काभ्रेको बनेपा नगरपालिका ) उपत्यकाभरि नै सेवाको दायरा विस्तार गर्ने दीर्घकालीन नीति लिइनेछ ।

**हाम्रो सामूहिक संङकल्प**

आदरणीय शेयर सदस्य महानुभावहरू,

व्यक्तिभन्दा संस्था ठूलो हुन्छ, र पदभन्दा जिम्मेवारी ठूलो हुन्छ । हाम्रा विचार वा दृष्टिकोण फरक हुन सक्छन्, तर संस्थाको हित र सदस्यको समृद्धि हाम्रो एउटै साझा गन्तव्य हो । हामी पवित्र लुम्बिनीलाई सहकारीहरूको भीडमा सामान्य संस्थाका रूपमा होइन, अनुशासन, सुशासन, पारदर्शिता र आधुनिक प्रविधिको उत्कृष्ट नमुना संस्थाका रूपमा स्थापित गर्न प्रतिबद्ध छौं।

अन्त्यमा, यहाँहरूले संस्थाप्रति देखाउनुभएको अटुट विश्वास, रचनात्मक आलोचना र निरन्तरको सहयोग नै हाम्रो वास्तविक ऊर्जा हो। विगतका सिकाइहरूबाट पाठ सिक्दै, वर्तमानका चुनौतीहरूसँग जुध्दै र उज्ज्वल भविष्यको स्पष्ट खाका कोर्दै हामी अघि बढिरहनेछौं । हामीसँग दूरदर्शी नेतृत्व, अनुशासित व्यवस्थापन, दक्ष कर्मचारी, समर्पित सञ्चालक तथा उपसमितिहरू र विश्वासिला सदस्यहरूको बलियो साथ छ । यसर्थ, हाम्रो यात्रा सुरक्षित र ढुक्क छ ।

पुनः एकपटक, यस साधारण सभालाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू, नियामक निकायहरू, र शुभेच्छुकहरूप्रति हार्दिक धन्यवाद अर्पण गर्दछु।

"पवित्र लुम्बिनी : हाम्रो साझा विश्वास, हाम्रो सुरक्षित पूँजी, र हाम्रो समृद्ध भविष्य !"

१७ औं वार्षिक साधारण सभा पूर्ण रूपमा सफल र फलदायी बनोस् ।

धन्यवाद ॥ जय सहकारी जय पवित्र लुम्बिनी ॥

...................

अध्यक्ष

टेकराज पोखरेल

# पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि को १७ औ वार्षिक साधारण सभामा कोषाध्यक्ष मनिराम अधिकारी ज्यु द्धारा प्रस्तुत प्रतिवेदन –२०८३

आदरणीय सभाध्यक्ष ज्यु,

संस्थापकज्युहरु, पुर्व अध्यक्षज्युहरु, सल्लाहकार ज्युहरु र निर्वतमान तथा वर्तमान संचालक समितिका पदाधिकारी एवं सदस्यज्युहरु, लेखा तथा विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्युहरु ,प्रमुख र्कायकारी ब्यवस्थापक ज्यु तथा सम्पुर्ण कर्मचारी साथीहरु तथा पत्रकार मित्रहरु यस संस्थाका सम्पुर्ण महानुभावहरुमा हार्दिक नमस्कार तथा सम्मान प्रकट गर्दछु ।

आज यस पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि को १७ औ वार्षिक साधारण सभा जस्तो महत्वपुर्ण अवसरमा संस्थाको आर्थिक अवस्थाबारे कोषाध्यक्षको हैसियतले प्रतिवेदन प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । यस अवसरमा संस्थालाई यहाँ सम्म ल्याउन योगदान गर्नुहुने संस्थापक, पुर्व संचालक ,वर्तमान संचालक कर्मचारी तथा सबै शेयर सदस्यप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**१ संस्था ठुलो हुनु उपलब्धी मात्र हैन चुनौती तथा जिम्मेवारी पनि हो ।**

हाम्रो संस्था आज विगतको तुलनामा निकै ठुलो र सुदृण संस्थाको रुपमा अगाडी बढेको छ । संस्थाको वासलातको आधारमा आकार एक अर्ब रुपैयाको नजिक पुग्नु हामी सबैको लागी गौरवको विषय हो । तर म कोषाध्यक्षको रुपमा एक महत्वपुर्ण कुरा स्पष्ट राख्न चाहान्छु । संस्था ठुलो हुनु उपलब्धी हो तर त्यसलाई सुरक्षित संचालन गर्नु अझ ठुलो चुनौती हो । सदस्यहरुको बचत केवल रकम मात्र नभई उनिहरुको विश्वास पनि हो । त्यसैले प्रत्येक रुपैँया जिम्मेवारी पुर्वक परिचालन गर्नु हाम्रो साझा दायित्व हो ।

**२.बदलिदो आर्थिक व्यवस्थाले चुनौती बढाएको छ ।**

बजारको अस्थिरता ,ऋण असुलिको दबाव ,तरलता ब्यवस्थापन र सदस्य अपेक्षा विच सन्तुलन राखेर संस्था संचालन गर्नु पर्ने अवस्था छ अब हामीले अनुमानमा हैन ,अनुभव र योजनामा आधारीत भएर अगाडी बढ्नुपर्छ ।

**३_नयाँ नेतृत्वका लागी स्पष्ट योजना आवश्यक**

अब नेतृत्व केवल पदका लागी हैन ,परिणामका लागी चाहीन्छ । नयाँ संचालक समितिले कम्तीमा

- बचत तथा लगानी रणनिति
- जोखिम ब्यवस्थापन
- तरलता ब्यवस्थापन
- खर्च नियन्त्रण
- प्रविधि विस्तार

- ❖ पारर्दशिता र आन्तरीक नियन्त्रण
- ❖ सदस्य सेवा विस्तार
- ❖ वितिय लक्ष्य र सुचक

लगायतका लिखित कार्ययोजना प्रस्तुत गर्नुपर्छ । अब हामी गर्छौ हैन के कसरी र कहिले गर्छौ भन्ने स्पष्टता आवश्यक छ ।

**४ रणनिति व्यवस्थापन आवश्यक छ ।**

अब संचालक समिति निति, योजना, अनुगमन र दिर्घकालिन दिशामा अझबढि केन्द्रित र सक्रिय हुनुपर्छ ।

**५ जोखिम व्यवस्थापन र ऋण असुलि प्राथमिकता**

ऋण लगानीमा धितो मात्र हैन व्यवसाय ,नगद प्रवाह , भुक्तानी क्षमता र स्रोत मा ध्यान दिनुर्पछ । ऋण असुली सबैको जिम्मेवारी हो ।

**६ आर्थिक अनुशासन अनिर्वाय**

प्रत्येक खर्च औचित्य पुर्ण र पारदर्शि हुनुपर्छ ।

**७ पारर्दशिता नै विश्वास हो ।**

सदस्यलाई संस्थाको आर्थिक अवस्था स्पष्ट रुपमा बुझ्ने सहज वातावरण निरनतरता हुनुपर्छ ।

**८ स्पष्ट जिम्मेवारी विभाजन**

संचालकले निति बनाउने ,व्यवस्थापकले कार्यान्यन गर्ने र अनुगमन संचालक समितिले गर्ने प्रणालीलाई ब्यवस्थित गनुर्पर्दछ ।

आदरणीय सम्मानित शेयर सदस्यहरु संस्थाको धेरै कुराहरु अध्यक्षको प्रतिवेदनमा समेटि सकिएकाले संस्थाको आर्थिक तथ्याङ्क सारांशमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

| क्र स | विवरण | आ.व २०८१/०८२ | आ.व २०८२/०८३ |
|---|---|---|---|
| १ | शेयर पुँजी हिसाब | ७,७१,७०,००० | १०,६९,९४,००० |
| २ | जगेडा कोष | १,०९,३३,०४३ | १,१६,२२,६६९ |
| ३ | अन्य कोषहरु | २१,५२,५०९ | ३७,२९,४०४ |
| ४ | निक्षेप हिसाब | ४५,७३,४९,२७८ | ५९,३६,१०,५४३ |

| | | | |
|---|---|---|---|
| ५ | कर्जा हिसाब | ५,०३७,८,८१५२ | ६५,४१,९२,१६४ |
| ६ | नगद तथा बैक हिसाब | ५,७८,६५,८३७ | १०,०३,७८,९७९ |
| ७ | स्थिर सम्पती हिसाब | ५३ ३५,७५ | ३,४८,१४८ |
| ८ | कुल सम्पती /दायित्व | ५७,२५,१४,६२७ | ७५,६१,८५,४७२ |
| ९ | बार्षिक कारोबार | २,६९,६२,३८,७३२ | ३,११३,४,५१,३७७ |

अन्यत्मा ,हाम्रो लक्ष्य केवल ठुलो संस्था मात्र होईन "विश्वसनीय सुरक्षित र दिगो सहकारी बन्नु हो ,आजको आवश्यकता भाषण हैन ,योजना हो ,पद हैन ,दृष्टीकोण हो । धन्यवाद ॥ जय सहकारी ॥

..................

मनिराम अधिकारी

कोषाध्यक्ष

पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि

# पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि को १७ औं बार्षिक साधारण सभा समक्ष लेखा सुपरिक्षेण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन

पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि को यस १७ औं बार्षिक साधारण सभाका सभापति, प्रमुख अतिथिज्यु, अतिथिज्युहरु, विभिन्न संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिज्युहरु, यस संस्थाका पदाधिकारी ज्युहरु, सल्लाहकारज्युहरु ,विभिन्न उप-समितिका संयोजक तथा सदस्यहरु ,शेयर सदस्यज्युहरु, यँहा उपस्थित सम्पुर्ण आदरणीय महानुभावहरु, कर्मचारी र पत्रकार मित्रहरुमा हार्दिक स्वागत गर्न चाहान्छु ।

आदरणीय शेयर सदस्यज्युहरु,
यस संस्थाले आर्थिक तथा सामाजिक उदेश्य पुरा गर्नका लागी शेयर सदस्यहरुलाई संलग्न गराई अघि बढेको पनि १६ औ बसन्त पार भइसकेको छ । सहकारी आफैमा स्वनियमनको संस्था भएतापनि यसलाई जिवित र सन्तुलित राख्दै दिगो बिकास गर्नका लागी नियमनकारी निकायको भुमिका संचालक र लेखा समितिको भुमिकालाई अब्बल रुपमा प्रस्तुत गनुपर्ने आवश्यकता दिनानु दिन बढ्दै गएको छ । संस्थाको आर्थिक पारदर्शिता ,लेखा व्यवस्थापनको योजना अनुरुप लेखा सुपरिवेक्षण समितिले सन्तुलित संस्था बिकासका लागी यस आर्थिक बर्ष सक्रियता पुर्वक लागी परेको तथ्य जानकारी गराउन चाहान्छु ।

यस संस्थाको १७ औं बार्षिक साधारण सभामा अध्यक्षज्युद्धारा प्रस्तुत विस्तृत प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदनले लेखा समितिका विषय वस्तुलाई स्पष्ट पारिएको भएता पनि लेखा समितिको तर्फबाट महत्वपुर्ण विषय वस्तुलाई मेरो प्रतिवेदनमा समावेश गरेको छु । लेखा समितिको प्रतिवेदन सहकारी नियमावलीको निश्चित ढाँचामा प्रस्तुत गर्नुपर्ने व्यवस्थालाई मध्य नजर गर्दै सहकारी नियमावलीसँग सम्बन्धीत रही लेखा समितिको प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्न चाहान्छौ ।

**१) पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि को २०८३ आषाढ मसान्तसम्मको कारोवारको विवरणहरु :**

- ❖ शेयर पुँजी : १०,६९,९४,०००/-
- ❖ निक्षेप : ५९,३६,१०,५४३/-
- ❖ कर्जा हिसाब : ६५,४१,९२,१६४/-
- ❖ जगेडा कोष : १,१६,२२,६६९/-
- ❖ अन्य कोषहरु : ३७,२९,४०४/-
- ❖ स्थिर सम्पति : ३,४८,,१४८/-
- ❖ बैक तथा नगद मौज्दात : १०,०३,७८,९७९/-
- ❖ कुल कारोबार : ७५,६१,८५,४७२/-

२) **अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :**

अघिल्लो साभारण सभाको निर्णयहरु कार्यान्वयन गर्दै लगिएको छ । संस्थालाई समयको मागसँगै नयाँ गतिमा लैजानका लागी आगामी दिनमा थप गतिशिल निर्णयहरु गर्नु आवश्यक छ ।

३) **आ.व २०८२/०८३ मा बसेको बैठक संस्थाका निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :**

आ.व २०८२/०८३ मा संचालक समिति बैठक २६ पटक र लेखा समितिको बैठक ५ पटक बसेको देखिएको छ । साथै बैठकको निर्णयहरु महत्वपुर्ण रुपमा कार्यान्वियन गरेको पाईयो ।

४) **ऋण लगानीको प्रकिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

संस्थाको बचत तथा ऋण निति अनुसार शेयर सदस्यहरुको व्यवसाय दर्ता, कर्जा रकम अनुसारको व्यक्तिगत धनजमानी र शेयर सदस्यहरुले संस्थासँग गरेको कारोबारको आधारमा सामुहिक जमानी कर्जा तथा धितो मुल्याङ्कन गरि सम्बन्धित निकायमा धितो रोक्का गरि कर्जा लगानी गरेको पाईयो ।

५) **सहकारी विभाग तथा प्राधिकरणबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :**

संस्थाले सहकारी विभाग तथा प्राधिकरणले जारी गरेको मापदण्ड क्रमिक रुपमा पालना गर्दै आफ्नो कारोवारलाई क्रमिक रुपले सुधार गर्दै आफ्नो शेयर सदस्यलाई सेवा दिदै अघि बढाउदै गईरहेको छ ।

६) **सहकारी कार्यालय, विभाग तथा सम्बन्धीत संघ संस्थाले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धीत विवरणहरु :**

सहकारी कार्यालय ,विभाग वा सम्बन्धीत संघ संस्थाले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन /सुझावहरु कार्यान्यवन क्रमिक रुपमा सुधार गर्दै सहकारी विभागले दिइएको समय सिमालाई मध्य नजर गरि कार्यान्यवन गर्दै लगेको पाईयो । कतिपय नितिगत सुझावहरु थप समय लिदै लागु गर्दै संस्था अगाडी बढिरहेको पाईयो ।

७) **पदाधिकारीहरुको पारिश्रमिक भत्ता र अन्य सुविधाहरुको विवरण :**

संचालक समितिको पदाधिकारीहरु एवम् सदस्यहरुलाई बैठक खर्च बापत प्रति बैठक रु.१०००/- का दरले बर्षमा १२ वटा बैठक र कर्जा उप-समितिको प्रति बैठक रु.१०००/- का दरले बैठक भत्ता उपलब्ध गराएको देखियो साथै लेखा समिति तथा अन्य उप-समितिले बैठक भत्ता नलिएको पाईयो ।

८) **कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

- ❖ साधारण सभाबाट कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/ नभएको :
  - ➢ २०७३ सालमा पारित भएको साथै समय अनुसार परिर्माजित गर्दै लगिएको ।
- ❖ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको /नल्याइएको : ल्याईएको छ ।
- ❖ भर्ना प्रकिया पारदर्शिता र प्रतिस्पर्धी भएको /नभएको : पारदर्शी भएको
- ❖ र्कायरत कर्मचारीहरु र र्कायबोझ बीच तादम्यता रहेको / नरहेको : रहेको

९) **लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिम सुझावहरुको कार्यान्वयनको अवस्था :**

सही सुझावको कार्यान्वयन विना संस्थाले गति लिन सक्दैन । सही सुझावलाई आत्मासाथ गर्दै कार्यान्वयन गर्नु नै संस्थाको सफलता भएकाले गत आ.व को सुझावलाई कार्यान्वयन गर्दै लगिएको

पाईन्छ। फलस्वरुप ब्याजदरहरुमा समय सापेक्ष परिर्माजन गरी सहुलियत पुर्ण ब्याजदर कायम गरेको पाईयो साथै ऋणको समय अवधिलाई समेत परीर्माजन गर्दै सहजीकरण गरेको पाईयो ।

९)**लेखा समितिको सुझावहरु :**

- संस्थाले धितो कर्जालाई प्राथमिकता राखी लगानी बढाउदै जानुपर्ने देखिन्छ ।
- संस्थाको कार्य क्षेत्र थप वृद्धि गर्नुपर्ने देखिन्छ ।
- समयअनुसार संस्थाका विभिन्न नितिहरु संसोधन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- संस्थाको जगेडा कोषलाई थप मजबुत गर्दै लैजानु पर्ने देखिन्छ ।
- संस्थामा रहेको अधिक तरलता व्यवस्थापनको लागी दिर्घकालिन रणनितिक योजना तय गरी कार्यान्यवन गर्नुपर्ने देखिन्छ ।

आदरणीय शेयरधनी महानुभावहरु

लेखा समितिले पाएको जिम्मेवारी भुमिका निर्वाह गर्ने कममा हामीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग गर्नुहुने संचालक समिति ,उप-समितिका पदाधिकारीहरु ,शेयर सदस्य एवम् सम्पुर्ण कर्मचारीहरु प्रति आभार व्यक्त गर्न चाहान्छौ साथै सम्पुर्ण शेयरसदस्यहरुबाट हामीलाई लेखा समितिको जिम्मेवारीका लागी छनोट गरि संस्थाको लेखा व्यवस्थापन तथा आर्थिक पारदर्शितालाई अझ मजबुत बनाउने जिम्मा दिई यस आर्थिक बर्षभरी सहयोग गरी संस्थाका सर्वोच्च निकाय साधारण सभामा प्रतिवेदन प्रस्तुत गर्ने मौका दिनुहुने यस संस्थाका विभिन्न समिति शेयर धनी तथा कर्मचारी सबैलाई धन्यवाद तथा आभार व्यक्त गर्दै लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन यही अनत्य गर्न चाहान्छौ ।

धन्यवाद । जय सहकारी । जय पवित्र लुम्बिनी

...............
संयोजक
हिमन्त घिमिरे
२०८३/०५/२०

इन्द्र मणि पोखरेल
आई. एम. पोखरेल एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर, सिओपी नं. २०३२ 'ख'
सदस्यता नं. ४२०, पान : १००३९२०७६

Regd. No. 6238
INDRA MANI POKHAREL
I.M. POKHAREL & ASSOCIATES
Registered Auditor, COP No. 2032 'B'
Membership No. 420, PAN : 100392076

I.M. Pokharel & Associates * Registered Auditor * COP No.2032 'B'

## श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शेयरधनी महानुभावहरु समक्ष

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### विपरित राय

हामीले **श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडकको** वित्तीय विवरण, जसले २०८३ साल अषाढ ३२ को वित्तिय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/२०८३ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित लेखा नीति तथा लेखाटिप्पणीहरु समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

विपरित रायका आधार भन्ने अनुच्छेदमा विपरित रायका आधार लागी गरिएको विषयवस्तु महत्वको कारणले **श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** आर्थिक वर्ष २०८२/२०८३ को वित्तीय विवरणले सही र यथार्थ चित्रण नगर्ने राय व्यक्त गर्दछौ ।

### विपरित रायका आधारहरु

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरिक्षणमान, सहकारी ऐन, सहकारी नियमावली तथा लेखापरिक्षणको सिद्धान्तको आधारमा रहि सम्पन्न गरेका छौ । हाम्रो दायित्वको व्याख्या लेखापरिक्षकको उत्तरदायित्व शिर्षकमा थप वर्णन गरिएको छ । हाम्रो नैतिक आवश्यकता अनुसार यस संस्थामा स्वतन्त्र छौ । हामीले हाम्रो कर्तव्य नैतिक जिम्मेवारी अनुसार पालन गरेका छौ । हामी विश्वाश गर्दछौं कि उपलब्ध लेखापरिक्षण प्रमाण हाम्रो रायको आधारको लागि प्रयाप्त र उपयुक्त छन् ।

नेपाल चार्टर्ड एकाउण्टेन्टेस् संस्थाबाट जारी भएको नेपाल वित्तीय प्रतिवेदन मानहरु (Nepal Financial Reporting Standards) अनुरुप वित्तीय विवरण तयार गरेको भएतापनि आर्थिक वर्ष २०८२-८३ मा NFRS को अपेक्षित क्रेडिट नोक्सानी (ECL) मोडेल अनुसार ऋण लगानीमा क्षयिकरण गणना गर्नुपर्नेमा, व्यावहारिक असुविधाहरू (जस्तै पर्याप्त डाटा संकलनको अभाव तथा

I.M. Pokharel & Associates * Registered Auditor * COP No.2032 'B'

वित्तिय/प्राविधिक पूर्वाधार तथा को सीमितता) का कारण सहकारीले सो मोडेल अनुसारको ऋण क्षयिकरण गणना गरेको पाइएन । परिमाण स्वरुप सो को संयुक्त असर वित्तिय विवरणमा निर्धारण गर्न हामी असमर्थ भएका छौ र सो को संयुक्त असर सारयुक्त/सारभुत र अनुशरणीय (Material and Pervasive) हुन सक्दछ ।

**मुख्य लेखापरिक्षण मामिलाहरु (Key Audit Matters)**

मुख्य लेखापरिक्षण मामिलाहरु ती मामिलाहरु हून जून हाम्रो पेशागत निर्णयको आधारमा लेखापरिक्षण गरिएको हालको अवधिको वित्तिय विवरणहरुसंग सबैभन्दा महत्वपूर्ण मामलाहरु हुन् । उक्त विषयवस्तुहरु लेखापरिक्षणको प्रतिवेदनमा प्रस्तुत गर्दा शासकिय व्यवस्था प्रति जिम्मेवारी लिनेलाई सूचित गरिएको विषयवस्तुहरु मध्ये बाट गरिएका छन् । उक्त मामलाहरुको सम्बोधन सम्पूर्ण वित्तिय विवरणहरुको लेखापरिक्षणको सन्दर्भमा गरिएका छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, उक्त मामलामा अलग राय व्यक्त गरिएको छैन ।

हाम्रो लेखापरिक्षणको सन्दर्भमा लेखापरिक्षणका मुख्य मामलाहरु निम्न उल्लेखित व्योहराहरुका आधारमा गरिएका छन् :

(क) संस्थाको लेखा तथा लेखा श्रेस्ताहरुको अभिलेख सफ्टवेयरमा राखेको तथा सोही अभिलेखका आधारमा तयार गरिएको वित्तिय विवरण त्रुटि रहित रहेको कुरामा विस्वस्त छौं ।

(ख) हाम्रो नमूना परिक्षणमा संस्थाको केही लगानीमा ऋणिको आय प्रयाप्त नभएको कारणले ऋण फिर्ता गर्ने क्षमतामा जोखिम रहेको देखिन्छ ।

**वित्तिय विवरणहरु उपर व्यवस्थापन र सुशासन प्रति जिम्मेवारहरुको उत्तरदायित्व**

लेखाका सर्वमान्य सिद्धान्तहरु संग मेल खाने यथार्थ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार एंव प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अर्न्तगत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभुत किसिमले त्रुटी रहित वित्तिय विवरण तयार गर्ने आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नितिहरुको छनौट तथ लागु गर्ने एंव परिस्थिति अनुसार लेखा सम्वन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

**लेखा परिक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरु सम्पूर्ण वित्तीय विवरणहरु सारभुत त्रुटी रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो , र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित

I.M. Pokharel & Associates * COP No.2032 'B' * Registered Auditor *

आश्वासनको एक उच्च स्तर हो , तर ग्यारेन्टी छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरिक्षणले जहिले पनि सारभुत त्रुटी पत्ता लगाउँदछ । त्रुटिहरु ठगी वा गल्तीबाट उत्पन्न हुन सक्दछन् र सारभुत मानिन्छ यदि इकाई रुपमा वा समग्रमा, उनीहरुले यी वित्तीय विवरणहरुको आधारमा लिने प्रयोगकर्ताहरुको आर्थिक निर्णयहरुलाई प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ ।

***अन्य कानुनी तथा नियमनकारी आवश्यकता माथीको प्रतिवेदन***

**क.** संस्थाले सदस्यहरुबाट विभिन्न किसिमका निक्षेप योजनाहरु जस्तै मुद्धती बचत योजना, आवधिक शेयर बचत, आवधिक बचत आदि विभिन्न बचत योजनाहरु संचालन गरेको छ ।

**ख.** संस्थाको आर्थिक गतिविधीहरुको अवसरको सदस्यहरुमा वार्षिक प्रतिवेदनबाट सहज पहुँचको व्यवस्था गरेको देखिन्छ ।

**ग.** संस्थाले सम्पत्ति शुद्धिकरण ऐन २०६४ अनुसार आफ्ना सदस्य तथा ग्राहकहरुको पहिचान संग सम्वन्धित नियमहरुको पालना गर्ने क्रममा रहेको साथै श्रम ऐन २०७४ आंशिक रुपमा पालना गरेको पाइयो ।

**घ.** संस्थाले गरेको कारोबार त्यको अख्तियारी भित्र रहेको र यी कारोबार सन्तोषजनक रुपमा भएको देखिन्छ ।

**ङ.**संस्थाको संचालक समिति वा कुनै संचालक वा कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै ऐन कानून बिरुद्ध काम गरेको वा संस्थालाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको पाईएन ।

अन्त्यमा, लेखापरीक्षण अवधिमा सहयोग गर्नुहुने संस्थाका अध्यक्ष, सञ्चालक समितिका पदाधिकारी एवम् सदस्य, लेखा समितिका पदाधिकारी तथा कर्मचारीज्यूहरु लाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा संस्थाको उतरोत्तर प्रगतिको हार्दिक कामना गर्दछु ।

**आर.ए. इन्द्रमणि पोखरेल**
आई. एम. पोखरेल एण्ड एसोसियटस
रष्ट्रिर्ड लेखापरिक्षक
**स्थान :** काठमार्डौ, नेपाल
**मिती : २०८३।०५।१५**
**UDIN:** 260831RA0042067

# श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.

**बागबजार, काठमाण्डौं**

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

### १. संगठनात्मक जानकारी

पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. , सहकारी ऐन २०४८ बमोजिम भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागमा मितिः २०६५/१२/२७ दर्ता गरी आन्तरिक राजस्व विभागमा स्थायी लेखा नम्बर (PAN) ३०३६११८७७ सहित दर्ता भएको छ । यस सहकारी संस्था विगत डेढ दशकदेखि समुदायका व्यक्तिगत सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक आकांक्षाको उत्थानमा योगदान पुर्याउन आफ्ना सदस्यहरूको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्न प्रतिबद्ध छ। यस संस्थाको मुख्य कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका २८ मा रहेको छ । यस सहकारी संस्थाको मुख्य उद्देश्य भनेको आफ्ना सदस्यहरूसँग बचत सङ्कलन, ऋण लगानी जस्ता वित्तीय लेनदेन गर्नुका साथै शिक्षा, तालिम, सूचना, सामाजिक कार्य जस्ता अन्य धेरै गैर-वित्तीय सेवाहरू प्रदान गर्नु हो । यस सहकारी संस्था आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नतिको लागि सक्रिय छ।

### २. लेखाङ्कनका आधार

#### २.१ अनुपालन सम्बन्धी उद्घोषण

सहकारीको छुट्टाछुट्टै वित्तीय विवरणहरू लेखामान बोर्ड (ASB),नेपाल द्वारा व्यवस्था भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको साना तथा मझौला संस्थाका लागि नेपाल वित्तीय प्रतिवेदन मान (NFRS for SMEs) अनुसार तयार गरिएको छ। सहकारी संस्थाको सहयोगी, सहायक वा संयुक्त व्यवस्थाको रूपमा वर्गीकृत संस्थाहरूमा कुनै लगानी नभएकोले संयुक्त वित्तीय विवरणहरू तयार पारिएको छैन। चालु आर्थिक वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई पुनः समूहबद्ध/पुनः वर्गीकृत गरिएको छ।

#### २.२ समिक्षा अवधि र वित्तीय स्वीकृति

यस सहकारी संस्थाले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षको (श्रावण १ गतेबाट सुरु भएर आषाढ मसान्तसम्म) लाई आधार लिएको छ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ।

यी वित्तीय विवरणहरू १४ साउन २०८३ मा सञ्चालक समितिबाट पारित भई २० भाद्र २०८३ मा बस्ने वार्षिक साधारण सभामा शेयरसदस्यहरूबाट अनुमोदनको लागि सिफारिस गरिएको छ।

#### २.३ कार्यात्मक र प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणहरू नेपाली रुपैयाँ (NPR) मा प्रस्तुत गरिएका छन् जुन सहकारी संस्थाको कार्यात्मक र प्रस्तुतिकरण मुद्रा हो । । प्रस्तुत गरिएको वित्तीय जानकारीलाई अन्यथा उल्लेख गरिएको ठाउँमा बाहेक नजिकको रुपैयाँमा शून्यान्त (राउन्ड अफ) गरिएको छ।

#### २.४ अनुमान, पूर्वधारणा र स्वविवेकको प्रयोग

वित्तीय विवरणहरू तयार गर्नका लागि व्यवस्थापनले सम्पत्ति, दायित्व, आम्दानी र खर्चको लेखाङकन गरिएको रकमलाई असर गर्ने लेखा नीतिहरूको प्रयोगमा अनुमान, पूर्वधारणा र स्वविवेक को प्रयोग आवश्यक पर्दछ। वास्तविक परिणामहरू यी अनुमानहरू भन्दा फरक हुन सक्छन्। विगतको अनुभव र अन्य कारकहरूको आधारमा अनुमान र निर्णयहरूमा निरन्तर पुनरावलोकन गरिन्छ, जसमा स्वभाविक देखिने भविष्यका घटनाहरूलाई पनि समावेश गरिन्छ। लेखा अनुमानहरूमा अनुमानमा भएको पुनरावलोकनलाई prospectively समायोजन गरिन्छ।

I.M. Pokharel & Associates
COP No.2032 'B'
Registered Auditor

**२.५ लेखा नीतिहरूमा परिवर्तनहरू**

वित्तिय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ। लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRS for SMEs ले तोकेको व्यवस्था बमोजिम त्यसलाई समायोजन गरिन्छ।

**२.६ लेखा अवधि**

संस्थाले आफ्नो वित्तिय विवरण नेपाली आर्थिक वर्ष अनुसार तयार गर्ने गरेको छ। नेपाली आर्थिक वर्ष अनुसार हुने मिति निम्नानुसार रहेको छ।

| विवरण | नेपाली क्यालेण्डर अनुसारको मिति अवधि |
|---|---|
| NFRS for SMEs Reporting Period | १ श्रावण २०८२ देखि ३२ आषाढ २०८३ सम्म |
| *Comparative NFRS for SMEs Based Financial Statement date | ३२ आषाढ २०८३ |
| Comparative Reporting Period | १ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म |

**२.७ छुट (Discounting)**

Time value of money को प्रभाव सारभूत भएमा सो रकमहरूलाई discounting गरी मापन गरिन्छ।

**३. महत्त्वपूर्ण लेखा नीतिहरू**

**३.१ मापनको आधार**

देहायका सारभुत शीर्षकहरु बाहेक सहकारी संस्थाको वित्तीय विवरणहरू ऐतिहासिक लागतको आधारमा तयार पारिएको छ।

| शीर्षकहरु | मापनको आधार |
|---|---|
| सम्पत्ति तथा उपकरण-जग्गा | उचित मूल्य |
| लगानी सम्पत्तिहरू | उचित मूल्य |
| कर्मचारीहरूलाई ऋण | उचित मूल्य (बजारको ब्याजदरको हिसाबले गणना गरिएको रकम ) |

**३.२ वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू**

**पहिचान र मापन**

जब सहकारी संस्था वित्तीय कारोबारको करारीय प्रावधानहरूको पक्ष बन्छ तब सहकारीले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको पहिचान गर्दछ। सार्वजनिक रूपमा कारोबार गरिएका बाहेक सबै वित्तीय सम्पत्ति र दायित्वहरू, प्रारम्भिक मान्यतामा परिशोधित लागत मूल्यमा मापन गरिन्छ। वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको सम्बन्धमा लेनदेन लागतहरू (transaction costs) शुरुवातमा बजार मुल्यमा थपिन्छन्। तर नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूमा मा लाग्ने लेनदेनका खर्चहरु नाफा र नोक्सानको विवरणमा लेखाङकन गरिन्छ।

**वर्गीकरण तथा मापन**

साना तथा मझौला निकायमा लाग्ने नेपाल वित्तीय प्रतिवेदन मानको दफा ११ द्वारा आवश्यकता अनुसार वित्तीय सम्पत्तिहरू र दायित्वलाई दुई वर्गमा वर्गीकृत गरिएको छ।

I.M. Pokharel & Associates
COP No.2032 'B'
Registered Auditor

**क. परिशोधित लागतमा मापन गरिएको:**

सार्वजनिक रूपमा कारोबार गरिएको शेयरमा लगानी बाहेकका वित्तीय सम्पत्तिहरू र वित्तीय दायित्वलाई क्षयीकरण घटाएर परिशोधित लागतमा मापन गरिन्छ । क्षयिकरण भनेको करार बमोजिम प्राप्त हुनुपर्ने नगद भविष्यमा प्राप्त नहुने अनुमानित रकमको प्रभावकारी ब्याज दर (EIR) ले गणना गरिएको वर्तमान मुल्य हो । यदि सम्पत्तिको मुल्यमा कुनै क्षयिकरण भएको छ भने, EIR को परिशोधन र क्षयिकरण बाट उत्पन्न हुने रकम नाफा र नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

**ख.नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा मापन गरिएको:**

सार्वजनिक रूपमा कारोबार हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको उचित मूल्य अनुचित लागत र प्रयास बिना भरपर्दो रूपमा मापन गर्न सकिन्छ भने उचित मूल्यमा परिवर्तनहरू नाफा वा नोक्सानमा पहिचान गरी उचित मूल्यमा मापन गरिन्छ । यदि उचित मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिँदैन भने त्यस्ता वित्तीय सम्पत्ति र दायित्व लागत मूल्यमा क्षयीकरण घटाई मापन गरिन्छ ।

**निसर्ग**

सहकारी संस्थाले वित्तीय सम्पत्तिबाट नगद प्रवाहमा सम्झौता अधिकार समाप्त हुँदा वा सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने सम्झौता अधिकार हस्तान्तरण गर्दा वित्तीय सम्पत्तिलाई निसर्ग गर्दछ ।

वित्तीय दायित्व सम्झौतामा निर्दिष्ट दायित्व समाप्त भएपछि वा सम्झौता रद्द गर्दा वा सम्झौताको म्याद सकिँदा निसर्ग गरिन्छ ।

**उचित मूल्यको निर्धारण**

वित्तीय उपकरणको उचित मूल्य भनेको मापन मितिमा बजार सहभागीहरू बीचको व्यवस्थित लेनदेनमा सम्पत्ति बेच्दा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्न भुक्तानी गरिने मूल्य हो ।

सहकारी संस्थाले वर्णन गरिए अनुसार उचित मूल्य-तहगतको तीन तहहरू(Levels) पालना गर्दछ :

क) उचित मूल्यको सबैभन्दा राम्रो प्रमाण भनेको सक्रिय बजारमा समान सम्पत्ति (वा समान प्रकारको सम्पत्ति) को लागि सूचिकृत मूल्य हो । यो सामान्यतया हालको बोली मूल्य हो ।

ख) सूचीकृत मूल्यहरू उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा सूचीकृत मूल्यहरूको लागि हालसालै गरिएको कारोबार उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरू बीचको सामान्य बजार बीचको कारोबारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोबारले सूचीकृत मूल्यको प्रमाण प्रदान गर्दछ ।

ग) यदि सम्पत्तिको बजार सक्रिय छैन र कुनै पनि बाध्यकारी बिक्री सम्झौताहरू वा समान सम्पत्ति (वा समान प्रकारको सम्पत्ति) को हालसालैको लेनदेनहरू आफैंमा उचित मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अन्य मूल्याङ्कन विधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ । मूल्याङ्कन विधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सर्न्दभद्वारा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो ।

**क्षयीकरण (Impairment) (दफा ११ अनुसार)**

प्रत्येक रिपोर्टिङ मितिमा व्यक्तिगत रूपमा महत्वपूर्ण ऋणको समीक्षा गरिन्छ र क्षय हानी नाफा वा नोक्सानको विवरणमा देखाइन्छ । क्षयीकरण निर्धारण गर्दा भविष्यको नगद प्रवाह रकम र समयको अनुमान, र व्यवस्थापनको स्वविवेक व्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको धारणाहरूमा आधारित छन् र वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणामस्वरूप भविष्यमा गरिने व्यवस्थाहरूमा परिवर्तनहरू हुन सक्छन् ।

क्षयीकरण प्रावधान व्यवस्थापनको अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ । यी नगद प्रवाहहरूको अनुमान गर्दा, व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खुद प्राप्तियोग्य मूल्य सहित कारकहरूको संख्याको बारेमा स्वविवेक प्रयोग गर्दछ । प्रत्येक क्षतिग्रस्त

M. Pokharel & Associates COP No.2032 'B' Registered Auditor

सम्पत्तिलाई नगद प्रवाहको पुनः प्राप्तियोग्य रकम अनुमान गरी यसको योग्यता मूल्याङ्कन गरिन्छ। क्षयीकरणलाई निम्ननुसार व्यवस्था गरिएको छ:

- परिपक्वतासम्म राखिएका, व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिने समान प्रकृतिका ऋण लगानी र लगानी धितोपत्रहरूको समूहहरू र
- सम्पत्तिहरूको समूह जुन व्यक्तिगत रूपमा महत्वपूर्ण छन् तर ती व्यक्तिगत रूपमा क्षतिग्रस्त भएका छैनन् ।

सामूहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुनःप्राप्तिको समय, र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ।

संस्थाले चालु आर्थिक वर्षमा NFRS ११ बमोजिम अपेक्षित ऋण हानि (Expected Credit Loss – ECL) मोडेलमा आधारित ऋण हानि व्यवस्था गणना गरेको छैन। ECL गणनाका लागि आवश्यक पर्ने विगत वर्षको ऋण असुली तथा डिफल्ट सम्बन्धी व्यवस्थित ऐतिहासिक तथ्यांक, Probability of Default (PD) र Loss Given Default (LGD) निर्धारण गर्ने आधार तथा भावी आर्थिक सूचक (Forward-looking Information) संस्थासँग उपलब्ध नभएको, सूचना प्रविधि प्रणालीको सीमितता रहेको तथा यस सम्बन्धी प्राविधिक क्षमताको अभाव रहेको कारण सो गणना गर्न सम्भव भएको छैन ।

तथापि, संस्थाको ऋण पोर्टफोलियोमा हालसम्म कुनै पनि ऋणीबाट डिफल्ट भएको वा हानि व्यहोर्नुपरेको अवस्था नरहेको र प्रवाहित सम्पूर्ण ऋणको असुली नियमित भइरहेको हुँदा यसको प्रभाव सारभूत (Material) नहुने संस्थाको विश्वास रहेको छ। आगामी आर्थिक वर्षदेखि आवश्यक तथ्यांक तथा प्रणाली विकास गरी NFRS बमोजिम ECL अनुसारको ऋण हानि व्यवस्था गणना गर्ने संस्थाको योजना रहेको छ।

**३.३ सम्पत्ति, संयन्त्र तथा उपकरण**

**पहिचान र मापनः**

सम्पत्ति संयन्त्र तथा उपकरणहरू लागतमा संचित मूल्यह्रास र क्षयीकरण भएमा घटाई मापन गरिन्छ। लागतमा सम्पत्तिको अधिग्रहणसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चहरू समावेश हुन्छन्। सहकारी संस्थाले आफ्नो जग्गाको लागी पुनर्मूल्याङ्कन मोडेल अपनाएको छैन ।

मूल्यह्रासः सहकारी संस्थाले सम्पत्ति तथा उपकरणहरूको प्रयोगयोग्य आयु (useful life) का आधारमा मूल्यह्रास दर निर्धारण गरी समानुपातिक मूल्यह्रास विधि अपनाएको छ। सम्पत्ति तथा उपकरणका प्रमुख वस्तुहरूको प्रयोगयोग्य आयु देहाय अनुसार रहेका छन् :

| स.नं. | सम्पत्तिहरु | प्रयोगयोग्य आयु (वर्षमा) |
|---|---|---|
| १ | भवनहरू | ४० |
| २ | कार्यालय उपकरण, फर्निचर र कम्प्युटरहरू | ८ |
| ३ | सवारी साधनहरू | १० |
| ४ | अन्य सम्पत्तिहरू | १२ |
| ५ | सुरक्षित भल्टहरू | १२ |

नयाँ खरिद गरिएको सम्पत्तिको मूल्यह्रास बीजकको मितिमा गणना गरिन्छ र लागत रु. १,००० भन्दा कम भएको सम्पत्तिलाई नाफा नोक्सान विवरणमा उक्त अवधिको लागि खर्चको रूपमा लेखिएको छ।

I.M. Pokharel & Associates
COP No.2032 'B'
Registered Auditor

### ३.४ ख्याति/अमूर्त सम्पत्तिहरू

व्यापार संयोजनमा प्राप्त पहिचान योग्य खुद सम्पत्तिको उचित मूल्य भन्दा अधिग्रहण लागतको कुनै पनि अतिरिक्ततालाई ख्यातिकोरूपमा पहिचान गरिन्छ । ख्यातिलाई लागतमा कुनै पनि संचित क्षयिकरणलाई घटाई मापन गरिन्छ । यदि घटनाहरू वा परिस्थितिहरूमा परिवर्तनहरूले वहन मूल्यमा क्षति पुग्न सक्ने घटनाहरू वा परिस्थितिहरूको परिवर्तनहरूले संकेत गरेमा वार्षिक रूपमा वा त्यो भन्दा बढी पटक क्षतिको लागि ख्यातिको क्षयीकरणको समीक्षा गरिन्छ ।

ख्याति बाहेक छुट्याउन सकिने वा सम्झौता वा अन्य कानुनी अधिकारहरूबाट उत्पन्न हुने उचित मूल्य निर्धारण गर्न सकिने अर्मूत सम्पत्तिहरुको अलग्गै पहिचान गरिन्छ। यी अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवन अवधिभर लागतमा क्षयिकरण/परिशोधन घटाई लेखाङ्कन गरिन्छ ।

सहकारी संस्थासँग अमूर्त सम्पत्तिको रूपमा हाल सफ्टवेयर रहेको छ र यसलाई प्रयोगयोग्य आयु मा परिशोधन गरिन्छ।

### ३.५ ऋण सापटिमा भएको हानी/नोक्सानी व्यवस्था

ऋणको व्यवस्थाका लागी राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम ऋण वर्गिकरण र ऋण नोक्सानीको व्यवस्था तल उल्लेख गरे अनुसार रहेको छ। संस्थाले किस्ताको भाखा नाघेको समयावधीको आधारमा देहाय बमोजिम कुल ऋणलाई असल, कमसल, शंकास्पद तथा खराब ऋणमा बर्गीकरण गर्नुपर्ने हुन्छ।

| क्र.सं. | ऋणको वर्गीकरण | भाखा नाघेको अवधि | कर्जा नोक्सानी व्यवस्था |
|---|---|---|---|
| १ | असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| २ | कमसल ऋण | ३ महिना देखि ६ महिना सम्म भाखा नाघेका | २५ प्रतिशत |
| ३ | शंकास्पद ऋण | ६ महिना देखि १ वर्षसम्म भाखा नाघेका | ५० प्रतिशत |
| ४ | खराब ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

सहकारी संस्थाले सदस्यहरूलाई प्रदान गरेका सबै ऋणहरू ऋणहरूमा कुनै प्रकारको धरौटी राखिएको छैन। यद्यपि, ऋण वितरण गर्दा सदस्यहरूको क्रेडिट योग्यता, कारोबारको स्थायित्व र सदस्यीय विश्वसनीयतालाई आधार मानिएको छ।

### ३.६ लगानी सम्पत्ति

लगानी सम्पत्तिहरू लाभ तथा भाडा प्राप्त गर्ने उदेश्यले राखिएको जग्गा र/वा भवन हुन्। यसमा सहकारीले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा बिक्री नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छन्।

लगानी सम्पत्तिहरू सुरुमा लागतमा पहिचान गरिन्छ र पछि वास्तविक मूल्य मोडेल प्रयोग गरेर मापन गरिन्छ। सहकारीले उचित मूल्य (Fair Value) प्रयोग गरेर आफ्नो लगानी सम्पत्तिहरू मापन गनु पर्नेमा उचित मूल्यमा गणना गर्नका लागी पर्याप्त सूचकहरु नभएको हुँदा वास्तविक मूल्यमा मापन गरेको छ।

### ३.७ आयकर

कर खर्चमा चालु कर र स्थगित कर समावेश छन्।

**चालु कर**

चालु कर भनेको इक्विटी वा अन्य विस्तृत आम्दानी (OCI) मा प्रत्यक्ष रूपमा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित भई इक्विटी वा अन्य विस्तृत आम्दानीमा पहिचान गरिएको बाहेक नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको आयकर खर्च हो। चालु कर भनेको चालु वर्षको सन्दर्भमा लागू गरिएको कर दरहरू वा वस्तुगत रूपमा लागु गरिएको कर कानूनहरू प्रयोग गरेर र अघिल्ला वर्षहरूको सम्बन्धमा तिर्नुपर्ने करमा कुनै पनि समायोजन गरेर आन्तरिक राजस्व विभागलाई भुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो ।

I.M. Pokharel & Associates COP No.2032 'B' Registered Auditor

यस सहकारी संस्था महानगरपालिका क्षेत्रमा अवस्थित भई बचत तथा ऋणको कारोबार सञ्चालन गर्दै आएको हुँदा, नेपाल सरकारको आयकर ऐन, २०५८ बमोजिम महानगरपालिका क्षेत्रमा सञ्चालन हुने बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नाफामा २०% आयकर लाग्ने व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्थाअनुसार यस सहकारी संस्थाको चालु आ.व. को नाफामा २०% को दरले आयकर गणना गरी सोहीअनुसार आयकरको प्रावधान कायम गरिएको छ।

**स्थगित कर**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐन अनुसार गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा वा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को रुपमा लेखाङ्कन गरिन्छ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन। स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ।

नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम लेखा प्रयोजनका लागि मान्यता दिइएका सम्पत्ति तथा दायित्वको वहन मूल्य र कर प्रयोजनका लागि मान्यता दिइने मूल्यबीच उत्पन्न हुने अस्थायी फरकका कारण सिर्जना हुने स्थगित कर (Deferred Tax) को गणना गरी, लागू हुने २०% को आयकर दरअनुसार स्थगित कर सम्पत्ति/दायित्वको प्रावधान गरिएको छ।

**३.८ जारी गरिएको निक्षेप, ऋण धितोपत्र र अधीनस्थ दायित्वहरू**
**निक्षेप:**

सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोबारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ। कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ। निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ।

**३.९ प्रावधानहरू, अन्य दायित्वहरू आकस्मिक दायित्वहरू**
कुनै विगतको घटनाको परिणामस्वरूप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना बढी छ भने, व्यवस्थाको (Provision) लेखाङ्कन गरिन्छ। लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चितताला‍ई समेत ध्यानमा राखिन्छ। व्यवस्थाहरू हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सबैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ। यदि स्रोत बाहिरिन सक्ने सम्भावना नरहेमा त्यस्ता व्यवस्थाहरू उल्ट्याइन्छ।

लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चितताला‍ई समेत ध्यानमा राखिन्छ।

संयोगिक (सम्भाव्य)दायित्वहरू ती दायित्वहरू हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ। अनिश्चित भविष्यको घटना र यी रकमहरू वासलात बाहिरका (Off balance sheet items) शीर्षकहरु हुन् र आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना कम भएकाले खुलासा गरिन्छ।

सम्झौताबाट प्राप्त गर्ने अपेक्षित लाभ सम्झौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा कष्टसाध्य सम्झौताको लेखाङ्कन व्यवस्था गरिन्छ। २०८२ को आषाढको अन्त्यमा सहकारीसँग त्यस्तो संयोगिक दायित्व र कष्टसाध्य सम्झौताहरू छैनन्।

**३.१० आयको पहिचान**
सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ। आय बाध्नको लागि देहायका मापदण्डहरू पनि पूरा गर्नुपर्ने हुन्छ।

L.M. Pokharel & Associates
COP No.2032 'B'
Registered Auditor

**ब्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरू, बिक्रिका लागि राखिएका ब्याज आर्जन गर्ने वित्तीय उपकरणहरू तथा नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको ब्याज आम्दानी सामान्यतया प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरी लेखाङ्कन गरिन्छ । तर, यस सहकारी संस्थाद्वारा ऋण प्रवाह गर्दा लिइने सेवा शुल्क (service charge) अत्यन्त न्यून भएकाले सो शुल्कलाई ऋणको सम्पूर्ण अवधिमा फैलाउँदा उक्त रकमको प्रभाव अत्यल्प हुने देखिन्छ। त्यसैले, सावधानीपूर्ण लेखा सिद्धान्त (principle of prudence) अपनाई यस शुल्कबाट प्राप्त आम्दानीलाई वास्तविक प्रोदभावी आधारमा आम्दानीको रूपमा पहिचान गरिएको छ ।

**नाफा विवरणमा पहिचान गरिएको ब्याज आम्दानी र नोक्सानीमा निम्न समावेश छन् :**

- क्षतिग्रस्त ऋण बाहेकका प्रभावकारी ब्याजदर विधिमा गणना गरिएको परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको ब्याज आम्दानी ।

- हालसम्म सञ्चालन ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानीमा मान्यता दिइएको छ ।

**शुल्क र कमिशनको आम्दानी**

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

**लाभांश आम्दानी**

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि  लेखाङ्कन गरिन्छ ।

**अनुदान आय**

निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त तोकिएका अनुदानहरू; कार्यसम्पादन सर्तहरू पूरा हुँदा आयको रूपमा लेखांकन गरिन्छ । निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त नतोकिएका अनुदानहरू अनुदान प्राप्त हुने कुरा निश्चित हुने बित्तिकै आयको रूपमा लेखांकन गरिन्छ । प्राप्त भएका तर आम्दानीको रूपमा लेखांकन नगरिएका अनुदानलाई दायित्वको रूपमा लेखांकन गरिन्छ।

**३.११ब्याज खर्च**

निक्षेप सहित परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

**३.१२ कर्मचारी लाभहरू**

**अल्पकालीन कर्मचारी लाभ**

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्बन्धित खर्चहरू समावेश छन् । छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा (undiscounted) मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ ।

I.M. Pokharel & Associates
COP No.2032 'B'
Registered Auditor

**रोजगारी पछि कर्मचारी लाभहरू**

**परिभाषित योगदान योजनाहरू**

रोजगारी पछिको लाभ योजना भनेको परिभाषित योगदान योजना हो जस अन्तर्गत सहकारीले छुट्टै संस्थालाई निश्चित योगदान तिर्दछ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा परोक्ष दायित्व राख्दैन । संस्थाले परिभाषित योगदान योजनाहरूमा तिरेको योगदानलाई खर्चको रुपमा नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गर्दछ ।

**संचय कोष योगदान**

संचय कोष भनेको सहकारी संस्थाले छनोट गरेको परिभाषित योगदान योजना हो । श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको १०% कोषमा योगदान गर्दछ र १०% कर्मचारीहरूको तलबबाट कटौती गरि जम्मा २०% संचय कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो । सहकारी संस्थाको यी योजनाहरू अन्तर्गत आवधिक योगदानको दायित्व बाहेक अरू कुनै दायित्व छैन ।

**३.१३ पट्टाहरू**

सहकारी संस्थाले दफा २० पट्टा लागू सञ्चालन पट्टा भुक्तानीलाई खर्चको रूपमा रूपमा लेखांङ्कन गरेको छ । दफा २० अन्तर्गत लेखा नीतिहरूको विवरण प्रस्तुत गरिएको छ ।

निम्न अवस्थामा बाहेक सहकारीले सञ्चालन पट्टा अन्तर्गत पट्टा भुक्तानी (बीमा र मर्मतसम्भार जस्ता सेवाहरूको लागत बाहेक) लाई सरल रेखा विधिको आधारमा पट्टा अवधिमा खर्चको रूपमा लेखांकन गरेको छ :

(क) अर्को कुनै विधिबाट पट्टा खर्च लेखांकन गर्नु उपयुक्त देखिएमा वा

(ख) पट्टा भुक्तानी अपेक्षित मुद्रास्फिति अनुसार तय गरिएको देखिएमा

पट्टा भुक्तानी अपेक्षित मुद्रास्फिति अनुसार तय गरिएको हुँदा भुक्तानी भएको रकमलाई नै खर्चको रूपमा लेखांकन गरिएको छ ।

**३.१४ शेयर पूँजी र कोषहरु**

**शेयर पूँजी**

जारी गरिएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ जब नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै दायित्व हुँदैन । यी उपकरणहरूले दफा २२ वित्तीय उपकरणको उपदफा २२.४ (क) द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्छन्, त्यसैले इक्विटीको रूपमा वर्गीकृत गरिन्छ ।

शेयर निष्कासन खर्चलाई, सोही वर्षमा इक्विटीमा लेखाङकन गरिएको छ र इक्विटीमा भएको परिवर्तनको विवरणमा खुलासा गरिएको छ र कर प्रभाव पनि खुलासा गरिएको छ ।

**वैधानिक कोषहरू**

यस कोषमा कानूनद्वारा कायम रकम समावेश छ ।

**साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ । स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्बन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ ।

**संरक्षित पूँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको २५% संरक्षित पूँजी फिर्ता कोषमा स्थानान्तरण गरिएको छ ।

COP No.2032 'B' Registered Auditor

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितो ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्न् र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

**सञ्चालन जोखिम**

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रमअन्तर्गत साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ। यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

**बजार जोखिम**

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोहि अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

**बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छ:**

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- ग्राहकले छोड्ने/रहने दर

I.M. Pokharel & Associates COP No.2032 'B' Registered Auditor

**सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको ०.५% सहकारी प्रवर्द्धन कोषमा स्थानान्तरण गरिएको छ । यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिएको छ ।

**अन्य कोषहरू**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार, संस्थाको कानून, नियमावली र उपनियम बमोजिम सञ्चालक समितिको निर्णय अनुसार साधारण जगेडा कोष, संरक्षण पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा विनियोजन पछि बाँकी नाफाको रकम देहाय बमोजिम विनियोजन गरिएको छ ।

| विवरण | बाँडफाड |
|---|---|
| शेयर लाभाशं कोष | ५५ % |
| सहकारी शिक्षा कोष | १० % |
| कर्मचारी बोनस कोष | ५ % |
| सहकारी विकास कोष | ५ % |
| घाटा पुर्ति कोष | ५ % |
| सामुदायिक विकास कोष | ५ % |
| स्थिरीकरण कोष | ५ % |
| सदस्य हित कोष | ५ % |
| डुबन्ते ऋण कोष | ५ % |
| **जम्मा** | **१०० %** |

**५ .खुलासा र थप जानकारी**

**५.१ जोखिम व्यवस्थापन**

सहकारी संस्थाको व्यवसायीक कियाकलापमा जोखिम निहित रहेको हुन्छ । विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ । यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ । त्यसैले, सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा वरिष्ठ व्यवस्थापन र संचालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

**लेखा सुपरिवेक्षण समितिः**

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्कको समय-समयमा समीक्षा गर्दछ । यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ। समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन्

M. Pokharel & Associates
COP No.2032 'B'
Registered Auditor

| स.न. | नाम | पद |
|---|---|---|
| १ | हिमन्त घिमिरे | लेखा संयोजक |
| २ | ऋषिराम न्यौपाने | सदस्य |
| ३ | शंकर पोखरेल | सदस्य |

**जोखिम सम्बन्धी सुशासन प्रणाली**

सहकारी संस्थाले उच्चम स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ। सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरि स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ। सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ। सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, यस अर्न्तगतका समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ।

**तरलता जोखिम**

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो। यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ। सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ। भुक्तानीको लागी तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोष उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन सक्छन्। तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैन र बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन्। त्यसैले, सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

**ब्याजदर जोखिम**

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो। सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछ :

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिएको छ।

**कर्जा जोखिम**

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो। कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो। ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ। त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ। लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ। ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ। जोखिम-मूल्याङ्कनको लागी देहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ।

I.M. Pokharel & Associates COP No.2032 'B' Registered Auditor

### संस्थागत वा रणनीतिक जोखिम

सहकारी संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ । संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो। यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छः

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

### आन्तरिक नियन्त्रण जोखिम

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्‍याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ। सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ । लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ । संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा स्वतन्त्रता कायम राख्न संस्थाले चार्टर्ड एकाउन्टेन्ट्स फर्मलाई आन्तरिक लेखा परीक्षकको रूपमा नियुक्त गरेको छ । आन्तरिक लेखा परीषण विभागले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभित्र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ। जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा आन्तरिक लेखा परिक्षकको कार्य केन्द्रित छ। आन्तरिक लेखा परीक्षक प्रतिवेदनहरू त्रैमासिक रूपमा सञ्चालक समितिलाई पठाइन्छ । सबै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ ।

### अनुपालन जोखिम

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ । यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ । दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ । रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन् । रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ । अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ । रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ ।

### ५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको उचित मूल्य

उचित मूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन । केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ । अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ । यद्यपि, दुवै अवस्थामा वास्तविक मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा बजार सहभागीहरू बीच सम्पत्ति

K.M. Pokharel & Associates
COP No.2032 'B'
Registered Auditor

बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो । (अर्थात्, सम्पत्ति धारण गर्ने वा दायित्व तिर्नुपर्ने बजार सहभागीको दृष्टिकोणबाट मापन मितिमा निकास मूल्य) ।

तलको पदानुक्रम अनुसार वास्तविक मूल्यहरू निर्धारण गरिन्छः

क) उचित मूल्यको सबैभन्दा राम्रो प्रमाण भनेको सक्रिय बजारमा समान सम्पत्ति को लागि सूचिकृत मूल्य हो । यो सामान्यतया हालको बोली मूल्य हो ।

ख) सूचिकृत मूल्यहरू उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा सूचिकृत मूल्यहरूको लागि हालसालै गरिएको कारोबार उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरू बीचको सामान्य बजार बिचको कारोबारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोबारले सूचिकृत मूल्यको प्रमाण प्रदान गर्दछ । यद्यपि, यदि आर्थिक परिस्थितिमा उल्लेखनीय परिवर्तन भएको छ वा बाध्यकारी बिक्री सम्झौताको मिति, वा लेनदेन, र मापन मिति बीचको महत्त्वपूर्ण अवधि भएको छ भने यो मूल्य वास्तविक मूल्यको राम्रो अनुमान नहुन सक्छ । यदि संस्थाले अन्तिम लेनदेन मूल्य वास्तविक मूल्यको राम्रो अनुमान होइन भनेर प्रदर्शन गर्न सक्छ (उदाहरणका लागि, किनभने यसले जबरजस्ती लेनदेन, अनैच्छिक परिसमापन वा संकट बिक्रीमा संस्थाले प्राप्त गर्ने वा भुक्तानी गर्ने रकमलाई प्रतिबिम्बित गर्दछ), तब त्यो मूल्य समायोजन गरिन्छ ।

ग) यदि सम्पत्तिको बजार सक्रिय छैन र कुनै पनि बाध्यकारी बिक्री सम्झौताहरू वा समान सम्पत्ति (वा समान सम्पत्तिको) को हालसालैको लेनदेनहरू आफैंमा वास्तविक मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अर्को मूल्याङ्कन प्रविधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ । मूल्याङ्कन प्रविधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सर्न्दभद्वारा प्रेरित सामान्य बजार बिचको कारोबारको निमयमा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो।

**५.३ सम्बन्धित पक्षको खुलासा**
**संचालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची**

सञ्चालक समितिका सदस्यहरू, लेखा समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ । निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ :

| क.स.. | नाम | पद | नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | टेकराज पोखरेल | अध्यक्ष | २०७९/०५/१८ | २०८३/०५/२० |
| २ | रविन्द्र पोखरेल | उपाध्यक्ष | २०७९/०५/१८ | २०८२/०५/२० |
| ३ | कृष्ण प्रसाद घिमिरे | सचिव | २०७९/०५/१८ | २०८३/०५/२० |
| ४ | मनिराम अधिकारी | कोषाध्यक्ष | २०७९/०५/१८ | २०८३/०५/२० |
| ५ | रुद्र प्रसाद पोखरेल | सदस्य | २०७९/०५/१८ | २०८३/०५/२० |
| ६ | अरुण सेजवाल | सदस्य | २०७९/०५/१८ | २०८३/०५/२० |
| ७ | सुन्तला भुसाल पौडेल | सदस्य | २०७९/०५/१८ | २०८२/०८/०५ |
| ८ | हरि प्रसाद पोखरेल | सदस्य | २०७९/०५/१८ | २०८३/०५/२० |
| ९ | तुल्सीराम भण्डारी | सदस्य | २०७९/०५/१८ | २०८३/०५/२० |
| १० | नरहरि घिमिरे | सदस्य | २०७९/०५/१८ | २०८३/०५/२० |
| ११ | दिवाकर पराजुली | सदस्य | २०७९/०५/१८ | २०८३/०५/२० |
| १२ | हिमन्त घिमिरे | ले.सु.स.सदस्य | २०७९/०५/१८ | २०८३/०५/२० |
| १३ | शंकर पोखरेल | ले.सु.स.सदस्य | २०७९/०५/१८ | २०८३/०५/२० |
| १४ | ऋषिराम न्यौपाने | ले.सु.स.सदस्य | २०७९/०५/१८ | २०८३/०५/२० |

**संचालकहरुसँगको कारोबार र भुक्तानी**

सञ्चालक समितिको भत्ता र सुविधा

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ता | २,०८,००० | २,२७,००० |
| सञ्चार र इन्धन सुविधाहरू | छैन | छैन |
| दुर्घटना बीमा प्रिमियम (बीमा गरिएको रकम: | छैन | छैन |
| जीवन बीमा प्रिमियम (१० वर्षे जीवन बीमा) | छैन | छैन |
| **कुल** | | |
| ऋण, पेश्की  र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरू | - | - |
| प्राप्तिहरू रद्द गरिएको | - | - |

**५.४ मर्जर र प्राप्ति**

सहकारीले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन ।

**५.५गैर-समावेशित संस्थाहरूको थप खुलासा**

सहकारीको कुनै सहायक र सहयोगी कम्पनीहरू छैनन् । त्यसैले, थप खुलासा आवश्यक छैन ।

**५.६ रिपोर्टिङ मिति पछिका घटनाहरू**

नपाल लेखामान (NAS १०) "रिपोर्टिङ अवधि पछि हुने घटनाहरू" अनुसार समायोजन आवश्यक पर्ने कुनै पनि घटनाहरू रिपोर्टिङ अवधि पछि अवलोकन गरिँदैन ।

M. Pokharel & Associates COP No.2032 'B' Registered Auditor

**श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.**
**बागबजार, काठमाण्डौं**
**वित्तीय स्थितीको विवरण (वासलात)**
२०८३ साल आषाढ मसान्त सम्मको

| विवरण | नोट | ३२ आषाढ २०८३ | ३१ आषाढ २०८२ |
|---|---|---|---|
| **सम्पति** | | | |
| नगद तथा नगद सरह | ४.१ | १००,३७८,९७९ | ५७,८६५,८३७ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | - | - |
| सदस्यहरुलाई ऋण तथा सापट | ४.३ | ६५४,१९२,१६४ | ५०३,७८८,१५२ |
| कर्मचारीलाई ऋण तथा सापट | ४.४ | - | - |
| लगानी धितोपत्रहरु | ४.५ | ८५९,२१७ | ८५९,२१७ |
| चालु कर सम्पत्ति | ४.६ | - | - |
| लगानी सम्पत्तिहरू | ४.७ | - | - |
| सम्पत्ति संयन्त्र तथा उपकरण | ४.८ | ३४८,१४८ | ५३३,५७५ |
| ख्याती तथा अमूर्त सम्पत्ति | ४.९ | - | - |
| स्थगन कर दायित्व | ४.१० | २१,५७४ | ७,७९० |
| अन्य सम्पत्ति | ४.११ | ३८५,३८८ | ४४९,९७६ |
| **कुल सम्पत्ति** | | **७५६,१८५,४७२** | **५६३,५०४,५४७** |

| विवरण | नोट | ३२ आषाढ २०८३ | ३१ आषाढ २०८२ |
|---|---|---|---|
| **दायित्वहरु** | | | |
| सदस्यबाट बचत र निक्षेप दायित्व | ४.१२ | ५९३,६१०,५४३ | ४५७,३४९,२७८ |
| कर्जा सापटी | ४.१३ | - | - |
| कर्मचारी लाभहरूको लागि व्यवस्था | ४.१४ | - | - |
| स्थगन कर दायित्व | ४.१० | - | - |
| अनुदान दायित्वहरू | ४.१५ | - | - |
| अन्य दायित्व | ४.१६ | ४०,१६६,७८२ | १५,६२७,७५९ |
| आयकर दायित्व | ४.६ | ६२,०७३ | २७१,९५७ |
| **कुल दायित्व** | | **६३३,८३९,३९८** | **४७३,२४८,९९४** |
| **पुँजी** | | | |
| शेयर पुँजी | ४.१७ | १०६,९९४,००० | ७७,१७०,००० |
| साधारण जगेडा कोष | ४.१८ | ११,६२२,६६९ | १०,९३३,०४३ |
| संरक्षित पूँजी फिर्ता कोष | | १,०६९,११९ | ५५१,८९९ |
| अन्य वैधानिक कोषहरु | ४.१९ | २,६६०,२८५ | १,६००,६१० |
| उचित मुल्य कोष | | - | - |
| संचित घाटा | | - | - |
| **कुल पूँजी** | | **१२२,३४६,०७३** | **९०,२५५,५५३** |
| **कुल पुँजी तथा दायित्व** | | **७५६,१८५,४७२** | **५६३,५०४,५४७** |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

**टेकराज पोखेल**
अध्यक्ष

**टिकाराम पौडेल**
व्यबस्थापक

**सीए. इन्द्रमणि पोखरेल**
आई. एम. पोखरेल एण्ड एसोसियटर्स
रजिष्टर्ड लेखापरिक्षक

**मणिराम अधिकारी**
कोषाध्यक्ष

**हिमन्त घिमिरे**
लेखा संयोजक

**शुशिला पोखरेल**
लेखापाल

# श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.

## नाफा नोक्सान विवरण

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

| विवरण | नोट | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.२२ | ६८,२०३,८९९ | ४१,५९७,६१८ |
| ब्याज खर्च | ४.२३ | (६५,३९०,७७४) | (४१,७६२,३२१) |
| **खुद ब्याज आम्दानी** | | **२,८१३,१२५** | **(१६४,७०३)** |
| बिक्रि तथा अन्य सञ्चालन आम्दानी | ४.२४ | ९,५४५,४७६ | १०,५०८,७६८ |
| बिक्रिको लागत तथा अन्य प्रत्यक्ष खर्च | ४.२५ | - | - |
| **खुद बिक्रि तथा अन्य सञ्चालन आम्दानी** | | **९,५४५,४७६** | **१०,५०८,७६८** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **१२,३५८,६०१** | **१०,३४४,०६५** |
| अन्य सञ्चालन आम्दानी | ४.२६ | २७५,७०७ | ६६९,४५४ |
| **जम्मा सञ्चालन आम्दानी** | | **१२,६३४,३०७** | **११,०१३,५१९** |
| कर्जाको क्षयिकरण/कर्जा तथा अन्य हानीको फिर्ता | ४.२७ | (१,७५४,१५४) | (३,११३,७३९) |
| **खुद सञ्चालन आम्दानी** | | **१०,८८०,१५३** | **७,८९९,७८०** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी लाभ खर्च | ४.२८ | (३,८२२,००५) | (३,३५१,५१६) |
| अन्य सञ्चालन खर्च | ४.२९ | (३,३९२,१८१) | (२,५५६,२७०) |
| ह्रास कट्टि, परिशोधन तथा क्षयिकरण खर्च | ४.३० | (१८५,४२७) | (१७७,८९७) |
| **सञ्चालन नाफा** | | **३,४८०,५४०** | **१,८१४,०९८** |
| गैर संचालन आम्दानी | ४.३१ | - | - |
| गैर संचालन खर्च | ४.३२ | - | - |
| वित्तिय खर्च | ४.३३ | - | - |
| **आयकर अघिको नाफा** | | **३,४८०,५४०** | **१,८१४,०९८** |
| कमचारी बोनस | | - | - |
| आयकर खर्च | | - | - |
| चालू कर | | (७३५,८२०) | (३७०,६०९) |
| स्थगन कर (खर्च)/आम्दानी | | १३,७८५ | ७,७९० |
| **यस अवधिको नाफा** | | **२,७५८,५०४** | **१,४५१,२७८** |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

**टेकराज पोखेल**
अध्यक्ष

**टिकाराम पौडेल**
ब्यबस्थापक

**आई.ए. इन्द्रमणि पोखरेल**
आई. एम. पोखरेल एण्ड एसोसियटेस
रष्ट्रिड लेखापरिक्षक

I.M. Pokharel & Associates
COP No. 032 'B'
Registered Auditor

**मणिराम अधिकारी**
कोषाध्यक्ष

**हिमन्त घिमिरे**
लेखा संयोजक

**शुशिला पोखरेल**
लेखापाल

**श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.**

**अन्य विस्तृत आम्दानीको विवरण**

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| **यस वर्षको नाफा** | २,७५८,५०४ | १,४५१,२७८ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)** | | |
| **क) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने** | | |
| **पुनः मुल्याङ्कन बाट भएका नाफा/(नोक्सान)** | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | - | - |
| | | |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)** | - | - |
| **ख) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक** | | |
| सटही नाफा/(नोक्सान) (विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा भएको) | - | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | | |
| नाफा/(नोक्सान) पुनः वर्गिकरण | | |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)** | - | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)** | - | - |
| **जम्मा विस्तृत आम्दानी** | २,७५८,५०४ | १,४५१,२७८ |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

**टेकराज पोखेल**
अध्यक्ष

**टिकाराम पौडेल**
ब्यबस्थापक

**आर.ए. इन्द्रमणि पोखरेल**
आई. एम. पोखरेल एण्ड एसोसियट्स
रष्ट्रिर्ड लेखापरिक्षक

**मणिराम अधिकारी**
कोषाध्यक्ष

**हिमन्त घिमिरे**
लेखा संयोजक

**शुशिला पोखरेल**
लेखापाल

**श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.**

**नगद प्रवाह विवरण**

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

रु

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| **कारोबार संचालनबाट नगद प्रवाह** | | |
| व्याज आम्दानी | ६८,२०३,८९९ | ४१,५९७,६१८ |
| शुल्क तथा अन्य सञ्चालन आम्दानी प्राप्ती | ९,८२१,१८२ | ११,१७८,२२२ |
| वित्तीय खर्च | - | - |
| भुक्तानी गरिएको व्याज खर्च | (६५,३९०,७७४) | (४१,७६२,३२१) |
| भुक्तानी गरिएको अन्य प्रत्यक्ष खर्च | - | - |
| नगद भुक्तानी कर्मचारी खर्च | (३,८२२,००५) | (३,३५१,५१६) |
| भुक्तानी गरिएको अन्य कार्यालय सञ्चालन खर्च | (३,३९२,१८१) | (२,५५६,२७०) |
| **सञ्चालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालक नगद प्रवाह** | **५,४२०,१२१** | **५,१०५,७३३** |
| **सञ्चालन सम्बन्धी सम्पत्तिमा कमी/(वृद्धि)** | | |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | - | - |
| सदस्यलाई ऋण लगानी | (१५२,१५८,१६६) | (२२१,०८४,१४६) |
| कर्मचारीलाई ऋण लगानी | - | - |
| लगानी धितोपत्रहरु | - | - |
| अन्य सम्पत्ति | ६४,५८७ | २५८,७३२ |
| **सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि** | | |
| सदस्यबाट बचत र निक्षेप दायित्व | १३६,२६१,२६५ | १७८,९१९,२८० |
| तिर्न बाँकी कर्जा सापट | - | - |
| अनुदान दायित्व | - | - |
| अन्य दायित्व | २४,५३९,०२२ | (६६५,१३०) |
| **आयकर अगाडिको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह** | **१४,१२६,८३०** | **(३७,४६५,५३०)** |
| आयकर भुक्तानी | (९४५,७०४) | (३७३,०४६) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **१३,१८१,१२६** | **(३७,८३८,५७६)** |
| **लगानी कारोबारमा नगद प्रवाह** | | |
| सम्पत्ति संयन्त्र तथा उपकरणको खरिद | (0) | (८४,०००) |
| सम्पत्ति संयन्त्र तथा उपकरण को विक्री | - | - |
| लगानी सम्पत्ति खरिद | - | (९९,०००) |
| अमुर्त सम्पत्तिको खरिद | - | - |
| लाभांश तथा फिर्ता भएको संरक्षण पुंजीकोष प्राप्ती | - | - |
| **लगानी गतिविधिको खुद नगद प्रवाह** | **(0)** | **(१८३,०००)** |
| शेयर पुंजी जारीबाट प्राप्त | २९,८२४,००० | ४१,२५४,००० |
| लाभांश भुक्तानी | - | - |
| संरक्षण पुंजीकोष भुक्तानी | - | - |
| कोषमा थप/(उपयोग) | (४९१,९८३) | (५८५,७७४) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **२९,३३२,०१७** | **४०,६६८,२२६** |
| **नगद तथा नगद सरहमा भएको खुद वृद्धि (कमी)** | **४२,५१३,१४२** | **२,६४६,६५०** |
| सुरु मौज्दात रहेको नगद तथा नगद समान | ५७,८६५,८३७ | ५५,२१९,१८७ |
| नगद तथा नगद समानमा विनिमय दरको उतार चढावको असर | - | - |
| **नगद तथा नगद सरहमा अन्तिम मौज्वात** | **१००,३७८,९७९** | **५७,८६५,८३७** |

**टेकराज पोखेल**
अध्यक्ष

**टिकाराम पौडेल**
व्यवस्थापक

**आर. ए. इन्द्रमणि पोखरेल**
आई. एम. पोखरेल एण्ड एसोसियट्स
रजिष्टर्ड लेखापरिक्षक

**मणिराम अधिकारी**
कोषाध्यक्ष

**हिमन्त घिमिरे**
लेखा संयोजक

**शुशिला पोखरेल**
लेखापाल

I.M. Pokharel & Associates Registered Auditor

# श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.

## नाफाको बाँडफाँड हिसाब

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

| विवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|
| यस आ.व.को नाफा/नोक्सान | २,७५८,५०४ | १,४५१,२७८ |
| परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान) | - | - |
| वास्तविक मुल्य नाफा | - | - |
| **जम्मा** | **२,७५८,५०४** | **१,४५१,२७८** |
| सुरु सञ्चित मुनाफा मौज्दात | - | - |
| स्थगित अनुदान | - | - |
| एन.एफ.आर.एस समायोजन कोष | - | - |
| व्याज समायोजन | - | - |
| **बाँड फाँड योग्य नाफा** | **२,७५८,५०४** | **१,४५१,२७८** |
| साधारण जगेडा कोष | ६८९,६२६ | ३६२,८२० |
| **साधारण जगेडा कोष पछिको रकम** | **२,०६८,८७८** | **१,०८८,४५९** |
| संरक्षित पुँजी फिर्ता कोष | ५१७,२२० | २७२,११५ |
| सहकारी प्रवर्धन कोष | १०,३४४ | ५,४४२ |
| **अन्य कोषहरुमा वितरण योग्य रकम** | **१,५४१,३१४** | **८१०,९०२** |
| शेयर लाभांस कोष | ८४७,७२३ | ४४५,९९६ |
| सहकारी शिक्षा कोष | १५४,१३१ | ८१,०९० |
| कर्मचारी बोनस कोष | ७७,०६६ | ४०,५४५ |
| सहकारी विकास कोष | ७७,०६६ | ४०,५४५ |
| घाटा पुर्ति कोष | ७७,०६६ | ४०,५४५ |
| सामुदायिक विकाश कोष | ७७,०६६ | ४०,५४५ |
| स्थिरीकरण कोष | ७७,०६६ | ४०,५४५ |
| सदस्य हित कोष | ७७,०६६ | ४०,५४५ |
| डुबन्ते ऋण कोष | ७७,०६६ | ४०,५४५ |
| **जम्मा** | **२,०६८,८७८** | **१,०८८,४५९** |

I.M. Pokharel & Associates
COP No.2032 'B'
Registered Auditor

**श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.**

**लेखा टिप्पणी**

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

## ४. वित्तीय स्थितीको विवरण (वासलात) को नोट

### ४.१ नगद तथा नगद सरह

नगद वा नगद सरह भन्नाले आफूसँग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम र नगदमा रुपान्तरण हुने समयावधि तीन वा तीन महिना भन्दा कम समयमा परिपक्वता अवधि भएको अति तरल वित्तीय सम्पत्ति बुझिन्छ। सहकारीले अल्पकालिन प्रतिवद्धता पूरा गर्न प्रयोग गर्ने र वास्तविक मुल्य (Fair value) परिवर्तनमा नगण्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो। वित्तीय अवस्थाको विवरणमा नगद र नगद समानलाई परिशोधित मूल्यमा राखिएको छ।

| विवरण | ३२ आषाढ २०८३ सम्मको | ३१ आषाढ २०८२ सम्मको |
|---|---|---|
| नगद मौज्दात | ४३५,१३३ | ३०३,५५५ |
| **बैंक मौज्दात** | | |
| ग्लोबल आईएमइ बैंक लि (कल खाता) | २३,९७५,१६६ | १३,२०८,२३४ |
| ग्लोबल आईएमइ बैंक लि (चल्ती खाता) | ५,००० | ५,००० |
| प्राईम कर्मसियल बैंक (कल खाता) | २६,९६५,३०६ | ३४,०५७,६१७ |
| प्राईम कर्मसियल बैंक (चल्ती खाता) | २७,५२८ | २३,९०९ |
| नेपाल इनभेष्टमेण्ट मेगा बैंक | २५,२६५,७६८ | १,६१८,८४८ |
| लक्ष्मी सनराईज बैंक | ३०१,०३८ | ८५३,९७१ |
| कुमारी बैंक | १,१४५,२२५ | - |
| खल्ती पे ग्रुप | १,४६९,०६७ | ४२१,५४० |
| आई.एम.इ. को-अप्रेटिभ | ३०४,९५१ | ३०२,३९४ |
| राष्ट्रिय सहकारी बैंक | २०,४८४,७९७ | ७,०७०,७६८ |
| छोटो अवधिको निक्षेप | - | - |
| **जम्मा** | **१००,३७८,९७९** | **५७,८६५,८३७** |

### ४.२ बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

वित्तीय संस्थामा राखिएको मुद्धती निक्षेप वित्तीय सम्पत्ति हो जुन केवल साँवा र व्याजको भुक्तानी हुने अनुबन्धित ९अयलतचबअतगबӀ० नगद प्रवाहहरू संकलन गर्ने व्यवसाय मोडेल अन्तर्गत राखिन्छ। यिनिहरुलाई पछि प्रभावकारी ब्याज दर ('EIR') विधि प्रयोग गरी परिशोधित मुल्य (Amortised Cost) मा क्षयिकरण (Impairment) घटाई मापन गरिन्छ। यदि प्रभावकारी ब्याज दर ('EIR')को परिशोधन र क्षयिकरणf(Impairment) बाट नोक्सान, उत्पन्न भएमा नाफा र नोक्सानको विवरणमा जनाईन्छ। त्यस्ता वित्तीय सम्पत्तिहरूको विवरण निम्नानुसार छन्।

| विवरण | ३२ आषाढ २०८३ सम्मको | ३१ आषाढ २०८२ सम्मको |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | - | - |
| घटाउनेः क्षयीकरणकोलागि व्यवस्था | - | |
| **जम्मा** | - | - |

### ४.३ सदस्यहरुलाई ऋण तथा सापटी

सहकारीले आफ्ना सदस्यहरुलाई विभिन्न कर्जा तथा अग्रिम सुविधाहरु प्रदान गर्दै आएको छ। यिनिहरुलाई प्रभावकारी ब्याज दर ('EIR') विधि प्रयोग गरी परिशोधित मुल्य (Amortised Cost) मा क्षयिकरण (Impairment) घटाई मापन गरिन्छ। यदि प्रभावकारी ब्याज दर ('EIR')को परिशोधन र क्षयिकरण(Impairment) बाट नोक्सान, उत्पन्न भएमा नाफा र नोक्सानको विवरणमा जनाईन्छ। त्यस्ता वित्तीय सम्पत्तिहरूको विवरण निम्नानुसार छन्।

I.M. Pokharel & Associates COP No.2032 'B' Registered Auditor

**श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.**

**लेखा टिप्पणी**

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

सहकारीले ऋणको क्षयिकरण (impairment) मूल्याङ्कनको लागि वैकल्पिक विधि अपनाएको छ । दफा ११ अनुसार गणना गरिएको व्यक्तिगत र सामूहिक क्षयिकरणको (impairment) रकमलाई सहकारीलाई लागु हुने ऐन तथा कानुन अन्तर्गत आवश्यक क्षयिकरण (impairment) प्रावधानसँग तुलना गरिन्छ , यी उपायहरूबाट प्राप्त हुने रकममध्ये जुन बढि हुन आउँछ त्यही रकम ऋण लगानीको लागि क्षयिकरण (Impairment)का रूपमा लिइन्छ ।

नेपाल राष्ट्र बैंकद्वारा जारी बैंक बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ अनुसार निम्न उमेर(ageing) म्याट्रिक्स अनुसार क्षयिकरणको व्यवस्था गर्नुपर्छ ।

| विवरण | प्रभारको लागि प्रावधान |
|---|---|
| असल ऋण (भाखा ननाघेको भाखा नाघी ३ महिना व्यतीत नभएका) | १% |
| कमसल (३ देखि ६ महिनासम्म भाखा नाघेका) | २५% |
| शकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेका) | ५०% |
| खराब ऋण (१२ महिनाभन्दा बढीले भाखा नाघेका) | १००% |

सदस्यहरुलाई प्रदान गरिएको ऋण लागानी विवरण यस साथ प्रस्तुत गरिएको छन् ।

| विवरण | ३२ आषाढ २०८३ सम्मको | ३१ आषाढ २०८२ सम्मको |
|---|---|---|
| भैपरीआउने कर्जा | ५,९१७,७९९ | ३,५२१,७७३ |
| व्यापारिक कर्जा | २०५,३४१,८३१ | २०९,३४२,८८२ |
| हायरपर्चेज कर्जा | १३,३९६,३६१ | ४,७८८,८७८ |
| घर जग्गा कर्जा | ९५,९९५,७३७ | ६१,१४८,५६५ |
| शेयर धितो कर्जा | ३४४,२०६,०१७ | २३३,४९७,४८१ |
| आकस्मिक उपचार कर्जा | - | - |
| छोटो अवधि कर्जा | - | ४००,००० |
| **जम्मा** | **६६४,८५७,७४५** | **५१२,६९९,५७९** |
| प्राप्त हुने ब्याज | - | - |
| **कुल ऋण लगानी** | **६६४,८५७,७४५** | **५१२,६९९,५७९** |
| घटाउने : क्षयिकरण व्यवस्था | (१०,६६५,५८१) | (८,९११,४२७) |
| **जम्मा** | **६५४,१९२,१६४** | **५०३,७८८,१५२** |

सुरक्षणमा दिइन्छ ।

**४.३.१ क्षयीकरणको लागि व्यवस्था**

| विवरण | ३२ आषाढ २०८३ सम्मको | ३१ आषाढ २०८२ सम्मको |
|---|---|---|
| नियामक आवश्यकताहरू अनुसारको क्षयीकरण | १०,६६५,५८१ | ८,९११,४२७ |
| NFRS for SMEs दफा ११ अनुसारको क्षयीकरण | - | - |
| **क्षयीकरण व्यवस्था प्रदान गरिएको (माथिको मध्ये बढी)** | **१०,६६५,५८१** | **८,९११,४२७** |

| विवरण | ३२ आषाढ २०८३ सम्मको | ३१ आषाढ २०८२ सम्मको |
|---|---|---|
| **श्रावण १ को मौज्दात** | ८,९११,४२७ | ५,७९७,६८९ |
| यस वर्षको प्रभार: | | |
| यस वर्षको थप | १,७५४,१५४ | ३,११३,७३९ |
| यस वर्ष असूली/फिर्ता | - | - |
| अपलेखन | - | - |
| **आषाढ अन्त्यको मौज्दात** | **१०,६६५,५८१** | **८,९११,४२७** |

* I.M. Pokharel & Associates * Registered Auditors COP No.2032 'B'

**श्री पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.**

**लेखा टिप्पणी**

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

**४.३.२ ऋाणको उमेरद्वारा क्षयीकरण लागि व्यवस्था**

**४.३.२.१ नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन अनुसार यस वर्षका ऋणहरुका लागि गरिएको क्षयिकरण व्यवस्था**

| विवरण | | |
|---|---|---|
| **उमेर अनुसार ऋणको प्रकार** | | |
| **सक्रिय ऋण** | | |
| असल ऋण (भाखा ननाघेका वा भाखा नाघी ३ महिना व्यतीत नभएका) (१%) | ६५९,५९३,४२१ | ५०६,४७३,८८० |
| **निष्क्रिय ऋण** | | |
| कमसल ऋण (३ देखि ६ महिनासम्म भाखा नाघेका) (२५%) | १,५९२,९०४ | २,०२७,७६२ |
| शकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेका) (५०%) | - | ६९४,४९८ |
| खराब ऋण (१२ महिना भन्दा बढी भाखा नाघेको) (१००%) | ३,६७१,४२१ | ३,५०३,४४० |
| **जम्मा** | **६६४,८५७,७४५** | **५१२,६९९,५७९** |

| | | |
|---|---|---|
| **क्षयीकरणको लागि व्यवस्था** | | |
| **सक्रिय ऋण** | | |
| असल ऋण (भाखा ननाघेका वा भाखा नाघी ३ महिना व्यतीत नभएका) (१%) | ६,५९५,९३४ | ५,०६४,७३९ |
| **निष्क्रिय ऋण** | | |
| कमसल ऋण (३ देखि ६ महिनासम्म भाखा नाघेका) (२५%) | ३९८,२२६ | ५०६,९४१ |
| शकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेका) (५०%) | - | ३४७,२४९ |
| खराब ऋण (१२ महिना भन्दा बढी भाखा नाघेको) (१००%) | ३,६७१,४२१ | ३,५०३,४४० |
| **क्षयीकरणको लागि व्यवस्था** | **१०,६६५,५८१** | **९,४२२,३६८** |

**४.४ कर्मचारीको ऋण तथा सापट**

सहकारीले आफ्ना कर्मचारीहरूलाई नियमावलीअनुसार विभिन्न कर्जा सुविधा उपलब्ध गराउँदछ । यी कर्जाहरू बजार दरका तुलनामा सहुलियत दरमा उपलब्ध गराइन्छन् । यी ऋणहरू प्रारम्भिक रूपमा ब्याजको बजार दरमा अनुबंधात्मक नगद प्रवाह कट(discounting) गरेर उचित मूल्यमा

सहकारीले दुई वर्षको कार्यकाल पूरा भएपछि आधारभूत आवश्यकताहरू पूरा गनका निमिर्त्त आफ्ना कर्मचारीहरूलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउँदछ । सवारीसाधन कर्जा सम्बन्धित सवारीसाधनको सुरक्षणमा दिइन्छ र सम्पत्ति कर्जा सम्बन्धित सम्पत्तिको सुरक्षणमा दिइन्छ । कर्जाहरू EMI (समान मासिक किस्ता) को आधारमा भुक्तान हुन्छन र प्रत्येक महिना कर्मचारीहरूलाई भुक्तानी हुने तलबबाट कटौती गरिन्छ । व्यवस्थापनको मूल्याङ्कनअनुसार कुनै पनि कर्जा खराब छैनन । कर्जाको विवरण यहाँ प्रस्तुत गरिएको छ :

| विवरण | ३२ आषाढ २०८३ सम्मको | ३१ आषाढ २०८२ सम्मको |
|---|---|---|
| कर्मचारीहरूलाई ऋण (कुल पाउनुपर्ने) | - | - |
| वास्तविक मुल्य समायोजन (ब्याजको सहुलियत दरसँग सम्बन्धित) | - | - |
